# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक २०२ | काठमाडौं | शनिबार, ०६ मंसिर २०८२ | Prabhab National Daily | Saturday, 22 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**वातावरण स्वच्छ राखौं**

- धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
- फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टोल तथा सडक सफा राखौं,
- घर वरपर बोटविरूवा लगाऔं,
- सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
- वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं ।

**सफा वातावरण, स्वस्थ जीवन ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**




**जेन-जी घाइतेको वर्गीकरण थालिँदै** | राष्ट्रिय ट्रमा सेन्टरमा शुक्रबार जिल्ला प्रशासन कार्यालय काठमाडौंको समन्वयमा 'जेन-जी' प्रदर्शनमा घाइते भएकाको चोटपटकको गम्भिरताको आधारमा वर्गीकरण गरिँदै । *तस्बिरः रासस*

# अराजकता मच्चाउँदै ओली, बढाउँदै तनाव

अब कसैले पनि हिजोको जस्तो राज्यका संरचना जलाउँदै हिँड्न पाउने छैन । हामी संरचनाको रक्षा गर्नेछौँ । यो देशका जनता आफैँ भोलेन्टियर भएर आफ्नो रक्षा गर्नुपर्ने अवस्थामा पुग्यौँ

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

जसरी लोकेसन ट्र्याक गरेर तपाईंहरूले देखाउनुभएको छ, हामीले पनि तपाईंहरूको लोकेसन हेरेका छौं । हामी पनि तपाईंहरूको घरघर घेर्नेछौँ

**पुष्पराज श्रेष्ठ**
कमान्डर, नेसनल भोलेन्टियर्स फोर्स




- जेन-जी विद्रोहीसँग भिडाउन एमालेद्वारा नेसनल भोलेन्टियर्स फोर्स गठन
- फोर्सले आतंकवादीहरूलाई निस्तेज पार्ने दाबी

■ **जेबी योञ्जन**

**काठमाडौं–** जेन-जी विद्रोहपछिको राजनीतिक परिवर्तनलाई अस्वीकार गरेका एमाले अध्यक्ष केपी शर्मा ओली असंयम् र तनाव बढाउन उद्धत देखिएका छन् । उनले देशलाई अशान्त बनाउनेगरी कदम चालेका छन् ।

जेन-जी युवाहरूसँग आमनेसामने गर्नेगरी शुक्रबार उनले 'नेसनल भोलेन्टियर्स फोर्स' घोषणा गरे । यो एमालेको युथ फोर्सपछिको अर्को सैन्य दस्ता हो । फोर्सको कमान्डर पुष्पराज श्रेष्ठ छन् ।

तत्कालीन नेकपा माओवादीले शान्ति प्रक्रियामा आएपछि गठन गरेको योङ कम्युनिस्ट लिग (वाईसीयल)सँग एमालेले युथ फोर्सलाई भिडाएको थियो । त्यसबेला युथ फोर्सको नेतृत्व महेश बस्नेतले गरेका थिए । उता वाईसीएलमा हर्ताकर्ता लेखराज दाहाल थिए, जो पूर्वसांसद हुन् । बस्नेत र दाहालले नेतृत्व गरेको दुई फरक फोर्सबीच हिंसात्मक झडप भएको थियो ।

शुक्रबार भने एमालेले जेन-जी युवापुस्तासँग भिडाउनेगरी नेसनल भोलेन्टियर्स फोर्स गठन गरेको हो । बाराको सिमरामा बुधबार र बिहीबार जेन-जी युवापुस्ता र एमाले कार्यकर्ताबीच झडप भएको थियो । शुक्रबार बारा प्रशासन र जेन-जी युवाबीच सहमति भएसँगै तनाव मत्थर भएको छ । यस्तोमा अध्यक्ष ओलीले तनाव बढाउनेगरी अर्को फोर्स घोषणा गरेका हुन् । उनले जेन-जी विद्रोहलाई आतंक र विद्रोही युवापुस्तालाई घुमाउरो शैलीमा आतंकवादी भनेका छन् । उनीहरूलाई निस्तेज पार्न नेसनल भोलेन्टियर्स फोर्स गठन गरिएको बताए ।

'अब कसैले पनि हिजोको जस्तो राज्यका संरचना जलाउँदै हिँड्न पाउने छैन । हामी संरचनाको रक्षा गर्नेछौँ । यो देशका जनता आफैँ भोलेन्टियर भएर आफ्नो रक्षा गर्नुपर्ने अवस्थामा पुग्यौँ,' ओलीले फोर्स घोषणा गर्दै भने, 'यो हिंसा, लुटपाट र त्रासदीपूर्ण वातावरणविरुद्ध हो । यो आतंकको विरुद्धमा हो । कसैलाई पनि आतंकित बनाउने छुट छैन ।'

देशमा शान्ति सुव्यवस्था कायम गर्नेगरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग छन् । यी चार सुरक्षा संयन्त्रप्रति पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले अविश्वास गर्दै फोर्स गठन गरेको बताए । 'राज्य संयन्त्रले मात्रै शान्ति सुव्यवस्था गर्न सक्ने अवस्था रहेन । औद्योगिक प्रतिष्ठानको रक्षा हुने अवस्था रहेन, त्यही भएर पनि फोर्स चाहियो,' ओलीले भने ।

गत भदौको २३ र २४ गते जेन-जी विद्रोह हुँदा ओली प्रधानमन्त्री थिए । नेपाली सेना र सशस्त्र प्रहरीले साथ नदिँदा नेपाल प्रहरी शान्ति सुरक्षा कायम राख्न पूर्णतः असफल भयो ।

क्रमशः पृष्ठ २ मा

# कांग्रेसलाई महाधिवेशनको मिति तोक्नै सकस

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाली कांग्रेसमा महाधिवेशन कहिले गर्ने भन्ने विषयमा स्पष्ट दुई धार देखिँदा केन्द्रीय कार्यसमितिलाई निर्णयमा पुग्न सकस परेको छ । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, नेता डा शेखर कोइराला निर्वाचनअघि नै महाधिवेशन गर्नुपर्ने पक्षमा उभिएका छन् ।

संस्थापनकै २८ केन्द्रीय सदस्यहरूले निर्वाचन अघि नै नियमित महाधिवेशन गर्नुपर्ने भन्दै संस्थापनइतरको मागमा जोडबल गरेका छन् । यता संस्थापन पक्षका नेताहरू विशेषगरी कृष्ण सिटौला, विमलेन्द्र निधि, प्रकाशमान सिंहसहितका सात भाइ भने बैशाखमामात्र महाधिवेशन गर्नुपर्ने अडानमा देखिन्छन् ।

गगन-विश्व जेन-जी विद्रोहको माग नेतृत्व परिवर्तन भएकोले महाधिवेशन गरेरमात्र निर्वाचनमा जानुपर्ने अडान लिइरहेका छन् । संस्थापनका अधिकांश नेताहरू भने निर्वाचनको मुखमा महाधिवेशन गर्न नसकिने र गर्न नहुने अडानमा छन् । 'निर्वाचनको मुखमा केही गर्न सकिँदैन । निर्वाचनमा होमिने हो । महाधिवेशन बैशाखमामात्र हुन्छ,' कांग्रेस नेता निधिले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसियाले तोकेको मापदण्डमा राजी देखिएनन् ९८१ व्यवसायी पनि

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** मलेसियाले सरकारले कामदार आपूर्ति गर्ने म्यानपावर कम्पनीका लागि ल्याएको दश बुँदे मापदण्डमा थप ९८१ व्यवसायीले पनि विरोध गर्ने प्रतिबद्धता जनाएका छन् । शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा आबद्ध ९८१ व्यवसायीले यो मापदण्डको विरोध गर्ने प्रतिबद्धता जनाएका हुन् ।

योसँगै ठुला म्यानपावर व्यवसायीलाई फाइदा हुने गरी मलेसिया सरकारले पठाएको मापदण्ड कसैले नमान्ने पक्का भएको संघर्षका कार्यक्रम तय गर्न बनेको संघर्ष समितिका संयोजक तथा संघका द्वितिया उपाध्यक्ष देवकुमार खोखालीले बताए । 'दश बुँदे मापदण्डभित्र अटाउने सबै व्यवसायीले पनि मापदण्ड नमान्ने प्रतिबद्धता जनाउनुभयो । यसलाई नै हामीले शत प्रतिशत मानेका छौँ,' खोखालीले भने, 'सबैको प्रतिबद्धता आउनु भनेको मलेसिया सरकारले भनेबमोजिम गर्न कुनैपनि व्यवसायी राजी नभएको बुझिन्छ ।' व्यवसायीको पछिल्लो कदमले मलेसियाले तय गरेको मापदण्ड कार्यान्वयन गर्न कोही पनि तयार नरहेको भन्ने प्रष्ट भएको उनले बताए ।

बाँकी ७१ व्यवसायीको मापदण्ड नपुगेकाले उनीहरूलाई शंका गरिरहनु नपर्ने उनको भनाई छ । ठुला म्यानपावर कम्पनीलाईमात्र फाइदा हुने गरी ल्याएको मापदण्डको विरोध गर्न संघले गत कातिक १८ गते व्यवसायी भेला बोलाउँदै आह्वान गरेको थियो । यद्यपि मलेसियाले तय गरेको दश बुँदे मापदण्ड पुगेका व्यवसायी यसअघि मौन बसेका थिए ।

मलेसियाले मापदण्ड पुगेका व्यवसायीहरूलाई यही नोभेम्बर १५ भित्र कागजात पेश गर्न भनेको थियो । यद्यपि मलेसियाले तोकेको मिति सकिसक्दा कुनै पनि व्यवसायीले मलेसिया कागजात पठाएका छैनन् । संघले प्रतिबद्धता पठाउन आह्वान गरेर नपठाउने व्यवसायीको नाम सार्वजनिक गर्ने चेतावनी दिएपछि शंकास्पद मानिएका व्यवसायीहरू पनि दबाबमा परेको बुझिएको छ ।

क्रमशः पृष्ठ २ मा

## कामदारबाट रकम असुल्ने गिरोह पक्राउ

**काठमाडौं (प्रस)** -कुवेतका सपिङ मलमा प्रवासी कामदारको शोषण गर्ने आपराधिक गिरोहलाई पक्राउ गरिएको छ । त्यहाँको 'क्यापिटल गभर्न्मेन्ट इन्भेस्टिगेसन डिपार्टमेन्ट' रहवाल्लीका आपराधिक सुरक्षा क्षेत्रका अधिकारीहरूले कुवेतभरिका सपिङ मलमा विदेशी कामदारमाथि शोषण गर्ने गिरोहलाई पक्राउ गरेको अरब टाइम्सले जनाएको छ ।

उक्त गिरोहले कामदारलाई पारिश्रमिक नै नदिई 'लोडर' को रूपमा काम लगउँदै आएको थियो । सुरक्षा स्रोतका अनुसार उक्त समूहले कामबाट हटाइदिने धम्की दिँदै प्रत्येक कामदारबाट दैनिक लगभग ४ कुवेती दिनार असुल्दै आएको थियो । दर्जनौं कामदार यस प्रकारको शोषणको शिकार भएको उल्लेख गरिएको छ । अनुसन्धान गर्दा कामदारहरूले आफ्नो पद कायम राख्न उक्त रकम बुझाउने गरेको पाइएको छ ।

पक्राउ परेका गिरोहका सदस्यहरूमाथि अनुसन्धान भइरहेको अधिकारीहरूले बताएको जनाइएको छ । यो शोषणको सबै विवरण पत्ता लगाउन र सबै जिम्मेवार पक्षहरूलाई जवाफदेही बनाउन कुवेती कानून अनुसार प्रयास जारी रहेको बताइएको छ ।

**डेडिकेटेड र ट्रङ्कलाइन महसुल विवाद**

# विद्युत् सेवा बिच्छेद नगर्न उच्च अदालतको अन्तरिम आदेश

- उद्योगले धरौटीका रूपमा एक किस्ता बराबर रकम बुझाएर लाइन जडान माग गर्दा प्राधिकरणले पहिलो किस्ता आम्दानी मान्दै सेवा जडान गरेको तथ्य
- प्रधानमन्त्री सुशीला कार्की, ऊर्जा मन्त्रालय र उद्योगीबीच भएको मध्यमार्गी सहमतिअनुसार धरौटी बुझाएपछि पुनरावलोकन प्रक्रिया अघि बढाउने सरकारी पत्राचार




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** डेडिकेटेड फिडर र ट्रंकलाइन महसुल बक्यौतासम्बन्धी विवादमा उच्च अदालत पाटनले उद्योगको पक्षमा अन्तरिम आदेश दिएको छ । मुद्दाको टुङ्गो नलागुञ्जेलसम्म उद्योगमा विद्युत् सेवा बिच्छेद नगर्न पनि सरकारको नाममा आदेश जारी गरेको छ ।

रिलायन्स स्पिनिङ मिल्स्ले दायर गरेको रिटमा शुक्रबार सुनुवाइ गर्दै न्यायाधीशद्वय सोमकान्त मैनाली र कृष्णमुरारी शिवाकोटीको इजलासले यस्तो आदेश दिएको हो ।

बक्यौता विवाद समाधानका क्रममा यसअघि ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले प्रशासनिक पुनरावलोकन प्रक्रिया खारेज गरी उद्योगहरूमा विद्युत् सेवा बिच्छेद गरेका थिए । त्यसविरुद्ध रिलायन्स स्पिनिङ मिल्स् उच्च अदालत पुगेको थियो । अदालतले मुद्दाको प्रारम्भिक सुनुवाइको क्रममा उद्योगले धरौटीका रूपमा एक किस्ता बराबर रकम बुझाएर लाइन जडान माग गर्दा प्राधिकरणले पहिलो किस्ता आम्दानी मान्दै सेवा जडान गरेको तथ्यलाई आधार मानेको देखिएको छ ।

यसबाहेक अदालतले प्रधानमन्त्री सुशीला कार्की, ऊर्जा मन्त्रालय र उद्योगीबीच भएको मध्यमार्गी सहमतिअनुसार धरौटी बुझाएपछि पुनरावलोकन प्रक्रियाअघि बढाउने सरकारी पत्राचारलाई पनि आधार मानेको देखिएको हो । जेन-जी विद्रोहपछि गठित नागरिक सरकारमा ऊर्जामन्त्री भएका कुलमान घिसिङले बक्यौता उठाउन असोजको पहिलो साता नै कदम चाले ।

क्रमशः पृष्ठ २ मा

# राहदानी अभाव समस्या समाधान हुने




**काठमाडौं–** राहदानी विभागले अन्तरिम अवधिमा राहदानी अभाव न्यूनीकरण गर्न सात लाख थान विद्युतीय राहदानी तथा वैयक्तिकरण सेवाका लागि वर्तमान आपूर्तिकर्ता कम्पनीसँग सम्झौता गरेको छ । विभागले शुक्रबार सार्वजनिक गरेको सूचनामा तीन हप्ताभित्र राहदानी पुस्तिकाको पहिलो किस्ता प्राप्त हुने र त्यसपछि क्रमिक रूपमा थप आपूर्ति जारी रहने उल्लेख गरिएको छ ।

पर्याप्त मौज्दात सुनिश्चित भएसँगै केही समयदेखि बाध्यात्मक रूपमा गरिएको राहदानी उत्पादन कटौती हटाएको विभागले जनाएको छ । सेवा प्रवाहलाई सहज बनाउन विभागले नयाँ व्यवस्थाहरू लागू गरेको जानकारी दिएको छ । दैनिक एक हजार 'एपोइन्टमेन्ट स्लाँट' उपलब्ध गराउँदै आएकामा सेवाग्राहीको माग तथा विभागीय क्षमताअनुसार सो सफ्या थप विस्तार गर्दै लगिने विभागले जनाएको छ । आवश्यक जनशक्ति परिचालन गरी अतिरिक्त समयमा पनि राहदानी छपाइ तथा वितरणकार्य छरितो बनाइने भएको छ ।

विदेशस्थित नेपाली नियोगमार्फत आवेदन दिने सेवाग्राहीका राहदानीहरू एकदेखि दुई हप्ताभित्र छपाइ गरी पठाइने व्यवस्था यथावत रहेको विभागले जनाएको छ । जिल्ला तथा इलाका प्रशासन कार्यालयमार्फत आवेदन दिने सेवाग्राहीमध्ये गत कात्तिक १५ गतेसम्म आवेदन दर्ता गराएकाहरूका राहदानी दुई हप्ताभित्र पठाइनेछ भने सो मितिपछि प्राप्त आवेदन पहिलेझैं क्रमशः छपाइ गरी पठाइने व्यवस्था मिलाइएको विभागले जानकारी दिएको छ ।

साथै, राहदानी विभागले राहदानी अभावका कारण सेवाग्राहीले भोग्नुपरेको असुविधाप्रति खेद व्यक्त गर्दै नयाँ व्यवस्थाले सेवा प्रवाह सहज हुने विश्वास व्यक्त गरेको छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### अराजकता...

ओली राजीनामा दिएर सेनाको शरणमा पुग्नुपर्‍यो । उनै प्रधानमन्त्रीबाट अपदस्त ओली सुरक्षा संगठनहरूप्रति अविश्वासिला देखिए । विद्रोही जेन-जी युवाहरूप्रति ओली कडा शब्दमा आलोचना गर्छन् । शुक्रबार त उनीहरूसँग आमनेसामने गर्नेगरी ओलीले अलग्गै फोर्सको घोषणा गरे । फोर्सका कमान्डर पुष्पराज श्रेष्ठ आपराधिक पृष्ठभूमिका हुन् । सिन्धुली घर भएका उनी सात मुद्दाका आरोपी हुन् । उनैलाई ओलीले फोर्सको कमान्डर बनाए । कमान्डर बनेपछि श्रेष्ठले जेन-जीलक्षित चेतावनी दिए ।

'जसरी तपाईंहरूले लोकेसन ट्र्याक गरेर तपाईंहरूले देखाउनुभएको छ, हामीले पनि तपाईंहरूको लोकेसन हेरेका छौं । हामी पनि तपाईंहरूको घरघर घेर्नेछौं,' उनले भने ।

जेन-जी विद्रोहीहरूले २४ भदौमा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाललगायत नेताका घरमा आगजनी र तोडफोड गरेका थिए । सुरक्षा निकायहरूले त्यसबेला जेन-जी विद्रोहीहरूले डिस्कर्डमा लोकेसन ट्र्याक गर्नेबारे कुरा गरेको र सोहीअनुसार नेताहरूको घरघर पुगेर आगजनी गरेको पाइएको दाबी गरेका थिए ।

काउन्टरमा एमालेको नवगठित नेसनल भोलेन्टियर्स फोर्सका कमान्डर श्रेष्ठले जेन-जी विद्रोहीहरूको घर ट्र्याक गरेर घेर्ने चेतावनी दिएका हुन् । सुरक्षा अधिकारीहरूको विचारमा यो देशलाई मुठभेटको दिशामा लान उत्तेजित पार्ने अभिव्यक्ति हो ।

■■■

### कांग्रेसलाई ...

यता निर्वाचनअघि महाधिवेशन नभए चुनावी प्रतिस्पर्धामै भाग नलिने गगन-विश्वको भनाई छ । नियमित महाधिवेशनको मागसहित दबाब बढाउँदै आएका २८ नेताहरूसँगै दुई महामन्त्रीले यस्तो भनाई राखेको केन्द्रीय सदस्य आङ्गेलु शेर्पाले बताए । दुई पक्ष टस न मस भएपछि कात्तिक २८ यता कांग्रेस केन्द्रीय समिति बस्न नसकी सर्दै आएको छ ।

गत बिहीबारका लागि डाकिएको बैठक आज शनिबारका लागि डाकिएको छ । शुक्रबार कार्यवाहक सभापति पूर्णबहादुर खड्काले महामन्त्रीद्वय थापा र शर्मासहित अन्य पदाधिकारीसँग भेटेर विवाद सल्टयाउने कोशिश गरेका छन् । कार्यवाहक सभापति खड्काले मध्यमार्गी प्रस्ताव अघि सार्दै पुसको मसान्तमा १५ औं महाधिवेशन गर्न सकिने बताएका छन् । खड्काको प्रस्ताव दुबै पक्षले मानेको छैन ।

जसकारण नेताहरू अहिले सभापति शेरबहादुर देउवाकहाँ किचलो मिलाइदिन भन्दै पुग्न थालेका छन् । देउवाले भने आफूले खड्कालाई कार्यवाहक दिइसकेको र उनैले विवाद सल्टाउने बताउने गरेको कांग्रेस नेताहरू बताउँछन् । 'कार्यवाहक दिएकै छु । उहाँले सबैको सुझावअनुसार निर्णय गर्नुहुन्छ,' भेट्न जाने नेताहरूलाई देउवाले भन्ने गरेका छन् । जेन-जी विद्रोहको क्रममा भदौ २४ गते आफ्नै निवास बुढानिलकण्ठमा कुटिएका देउवा उपचारपछि सिंगापुरबाट कात्तिक २८ गते फर्केका थिए । उनी फर्किएसँगै कांग्रेसको महाधिवेशन कार्यतालिका आउने भनिएको थियो । तर केन्द्रीय समिति बैठक भने पटकपटक सर्दै आएको छ ।

■■■

### मलेसियाले...

सबै व्यवसायी प्रतिबद्ध भएको अवस्थामा पनि मलेसियाले सिन्डिकेट लागू गराउन खोजे व्यवसायीहरू मलेसिया रोजगारी छोड्न तयार हुने खोखालीको भनाइ छ ।

मलेसियाको परराष्ट्र मन्त्रालयले गत अक्टोबर २७ तारिखमा नेपाली दूतावासलाई दश बुँदे मापदण्डसहितको पत्र लेखेको थियो । जसअन्तर्गत तीन वर्षमा तीन हजार कामदार पठाएको हुनुपर्ने, दश हजार वर्गफिट क्षेत्रफलमा सञ्चालित हुनुपर्ने, न्यूनतम पाँच वर्षको सञ्चालन अनुमति भएको हुनुपर्ने लगायत मापदण्ड छन् ।

श्रम मन्त्रालयले कातिक १३ गते कुनै पनि किसिमको एकाधिकार नेपालको संविधान र कानून विपरित भएको र कार्यान्वयन गर्न नसकिने भन्दै परराष्ट्रलाई पत्र लेखेको थियो । परराष्ट्रले श्रमको पत्र कार्तिक २१ गते मलेसियास्थीत नेपाली दूतावासलाई पठाइसकेको छ । मलेसियाले भने हालसम्म कुनै जवाफ दिएको छैन ।

■■■

### विद्युत् सेवा...

त्यस क्रममा उनले पुनरावलोकन प्रक्रिया खारेज गराए । उनी नेतृत्वको ऊर्जा मन्त्रालयअन्तर्गतको विद्युत् प्राधिकरणले उद्योगीहरूलाई चेतावनी दिँदै बक्यौता बुझाउन २१ दिनको समयसीमा तोक्यो । उद्योगहरूमा विद्युत् सेवा बिच्छेद गरिदियो ।

यसपछि विभिन्न उद्योगले पहिलो किस्ता बुझाए । त्यसरी झण्डै ३० करोड बक्यौता असुल गरेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार अझै साढे ५ अर्ब बढी डेडिकेटेड तथा ट्रंकलाइन महसुल असुल्न बाँकी छ ।

यसअघि उद्योगीहरूको पक्षमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री दीपक खड्का उभिएका थिए । त्यसबेला प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ थिए । उनले बक्यौता उठाउन जमर्को गरे । तर, ओली र खड्का उद्योगीको पक्षमा उभिए । कुलमानलाई साथ दिएनन् । उल्टै बर्खास्त गरे ।

तर, जेन-जी विद्रोहपछि ऊर्जामन्त्री हुँदा घिसिङले बक्यौता उठाउन खोजेको प्रयासलाई अदालतले शुक्रबार ब्रेक लगाइदिएको हो । डेडिकेटेट र ट्रङ्कलाइन महसुल बक्यौता दशक अघिदेखिको विवाद हो, जतिबेला देशमा १८ घण्टासम्म लोडसेडिङ हुन्थ्यो । त्यसबेला आकस्मिक सेवाका संस्थामध्येमा पर्ने अस्पतालमा नियमित विद्युत् सेवा थियो । उद्योगीहरूले अस्पतालमा जसरी नियमित विद्युत् आपूर्तिका लागि डेडिकेटेड र ट्रङ्कलाइनबाट प्रयोग गर्ने माग राखे ।

सोहीअनुसार तत्कालीन सरकारले उद्योगहरूमा विद्युत् आपूर्ति गरेको थियो । त्यसबेलाको महसुल अझैसम्म उद्योगीहरूले तिरिसकेका छैनन् । उनीहरूले टाइम अफ डे (टीओडी) मिटरको बिल प्राधिकरणसँग मागेका छन् । प्राधिकरणले दिएको दाबी गर्दै आएको छ । यही विवाद अदालतसम्म पुगेको हो । अदालतले शुक्रबार भने उद्योगीहरूको पक्षमा अन्तरिम आदेश दिएको हो ।


**साउदीमा रोजगार** कम्पनी : MATAJER FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/३० LT. No. 333750 चलानी नं. ६०२४७४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PASTRIES MAKER / BAKER | 1 | 0 | 1500 | ५६,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १३ गते (29th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.१५००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

**युएइमा रोजगार** कम्पनी : GLOBAL SECURITY SERVICES GROUP - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/०५ LT. No. 320902 चलानी नं. ६०२३५२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 164 | 14 | 2000 | ७७,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १३ गते (29th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1535/078/079
Global Recruitment Group Pvt.Ltd. (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855017097, Pokhara Branch: 9802854870, Email : info@grgnepal.com.np

**युएइमा रोजगार** कम्पनी : A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 331932 चलानी नं. ६०२४५९६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 100 | 1000 | ३८,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners Male | 100 | 0 | 1000 | ३८,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ मंसिर १४ गते (30th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.lic.no. 1777/082/083
I.M.G. Nepal Pvt.Ltd.
Lalitpur Metropolitian City-13,EKANTAKUNA, LALITPUR,
Ph. No: +977-015415570, 9851065124, 9767488184/9801166991, E-mail : imgnepal2@gmail.com,

**कुवेतमा रोजगार** कम्पनी : MOOSH LIGHT FOOD COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०५ LT. No. 302739 चलानी नं. ६०२१७५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PASTRY CHEF / BAKER | 3 | 0 | 180 | ८२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | COFFEE MAKER/SALESPERSON | 4 | 0 | 150 | ६९,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १३ गते (29th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**साउदीमा रोजगार** कम्पनी : LARSEN & TOUBRO SAUDI ARABIA LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०५ LT. No. 329699 चलानी नं. ६०२४३५२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | helper/ordinary labourer/loading & unloading worker | 12 | 0 | 1000 | ३७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०५ LT. No. 308097 चलानी नं. ६०२२२८४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 70 | 0 | 1000 | ३७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 1 | 0 | 1500 | ५६,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १३ गते (29th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

**साउदीमा रोजगार** कम्पनी : EAST TRUCK TRADING EST.

पूर्व स्वीकृति मिति : २०८२/०८/०२ LT. No. 333843 चलानी नं. ६०२४७६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Lording Labors | 1 | 0 | 1450 | ५४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १३ गते (29th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शनिबार, ०६ कातिक, २०८२

| | |
|---|---|
| **मेष** | विशेष काम, रोकिएका काम बन्नेछ । |
| **वृष** | उत्सावर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **मिथुन** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **कर्कट** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **सिंह** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **कन्या** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **तुला** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **वृश्चिक** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **धनु** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **मकर** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कुम्भ** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **मीन** | उतारचढावमा समय व्यतित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ मंसिर, २०८२ (२१ नोबेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४१.६२ | १४२.२२ |
| युरो | १ को | १६३.६९ | १६४.३८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८६.४२ | १८७.२१ |
| स्विस फ्रैन्क | १ को | १७५.६९ | १७६.४३ |
| अस्ट्रेलियन डलर | १ को | ९२.४८ | ९२.८७ |
| क्यानाडियन डलर | १ को | १०१.०३ | १०१.४६ |
| सिङ्गापुर डलर | १ को | १०८.६७ | १०९.१३ |
| जापानी येन | १० को | ९.१९ | ९.२२ |
| चिनियाँ युआन | १ को | १९.८९ | १९.९७ |
| साउदी अरब रियाल | १ को | ३७.७६ | ३७.९२ |
| कतारी रियाल | १ को | ३८.८५ | ३९.०२ |
| थाई भाट | ख १ को | ४.३८ | ४.३९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.५६ | ३८.७२ |
| मलेसियन रिङेट | १ को | ३४.०४ | ३४.१९ |
| दक्षिण कोरियन वन | १०० को | ९.७३ | ९.७७ |
| स्विडिस क्रोनर | १ को | १४.८९ | १४.९५ |
| डेनिस क्रोनर | १ को | २१.९२ | २२.०१ |
| हङकङ डलर | १ को | १८.२२ | १८.३० |
| कुवेती दिनार | १ को | ४६१.०८ | ४६३.०३ |
| बहराइन दिनार | १ को | ३७५.६६ | ३७७.२६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# कमला पुल निर्माण तीव्र गतिमा अघि बढाउने मन्त्री घिसिङको प्रतिबद्धता



**सिरहा–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीमा निर्माणाधीन पुलको काम तीव्र गतिमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

करिब १४ वर्षअघि ठेक्का सम्झौता भए पनि पुल निर्माण नसकिँदा यहाँका नागरिकले सास्ती खेप्नुपरेको गुनासो आएपछि मन्त्री घिसिङले आज स्थलगत अनुगमन गरेका हुन् । मन्त्री घिसिङले भने, 'मैले कमला पुलबारे धेरैपटक सुनिरहेको हो, पुल यस क्षेत्र र समग्रमा मधेशको लाइफलाइन हो, कमला पुलको निर्माण विना यो क्षेत्रको समग्र विकास हुन सक्दैन ।'

मन्त्री घिसिङसँगै युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ता, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक विजय जैशी, हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतो, जेन्जी अगुवाहरू सुदन गुरुङ, शिव यादव, पुरषोत्तम यादवलगायत सम्मिलित टोलीले कमला पुलको संयुक्त अनुगमन गरेका हुन् । अनुगमनकै क्रममा मन्त्री घिसिङ डुंगा चढेर धनुषाबाट सिरहा पुगेका थिए ।

विसं २०६८ जेठमा रु २४ करोड ९१ लाख लागतमा पप्पु लुम्बिनी जेभीसँग पुल निर्माणका लागि सम्झौता भएको थियो । विसं २०७१ मङ्सिरमा निर्माण सम्पन्न हुनुपर्ने पुल हालसम्म सकिएको छैन । पुल निर्माणका सम्झौता हाल नवौं म्याद थपको प्रक्रियामा छ ।

विसं २०७८ असार १७ को बाढीका कारण पुलका दुई जग भासिँदा क्षति भएको थियो । कूल ४६९ मिटर लम्बाइको यो पुलको ८३ प्रतिशत भौतिक प्रगति र ८२ प्रतिशत वित्तीय प्रगति भएको छ ।

मन्त्री घिसिङले विगतमा पुल निर्माणमा भएका अनियमितताको सम्बन्धमा सम्बन्धित निकायले छानबिन गरिरहेको र दोषी देखिएकालाई कानुन बमोजिम कारबाही गरिने प्रतिबद्धता समेत जनाए । अनुगमनकै क्रममा मन्त्री घिसिङलाई कमला पुल निर्माण सङ्घर्ष समितिले समेत चाँडो पुल निर्माण गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको थियो । *रासस*

# लोकतन्त्रका लागि फागुन २१ गतेको निर्वाचन अपरिहार्यः राष्ट्रपति



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रको आवश्यताअनुसार व्यावहारिक ज्ञान, नैतिक शिक्षा र क्षमता अभिवृद्धि गर्ने सीपमूलक शिक्षा आजको आवश्यकता रहेको बताएका छन् । पद्मकन्या बहुमुखी क्याम्पसको ७५औं वर्षका अवसरमा शुक्रबार आयोजित हीरक महोत्सव समारोहलाई सम्बोधन पौडेलले यस्तो शिक्षाले नै अहिलेको चुनौती सामना गर्न सक्नेमा जोड दिएका हुन् ।

देश विषम परिस्थितिबाट गुज्रिएर यो अवस्थामा आएको सन्दर्भ उल्लेख गर्दै राष्ट्रपति पौडेलले त्यो विषम र कठिन परिस्थितिबाट संविधान, लोकतन्त्र र मुलुकलाई जोगाउँदै फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचनको मिति तय भएको बताए । 'यो निर्वाचन परिणामले सुशासन, विकास र समृद्धिको यात्रालाई सुदृढ तुल्याउँदै नयाँ दिशा दिनेछ भन्ने मलाई विश्वास छ, यो निर्वाचन देश, जनता र लोकतन्त्रका लागि अपरिहार्य भएकाले यसलाई सफल पार्न म सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीलाई अपिल पनि गर्न चाहन्छु,' पौडेलले भने ।

राष्ट्रपति पौडेलले समाज तथा राष्ट्रको आवश्यकताअनुसार थप विषयको पठनपाठन सुरु गरी व्यावहारिक ज्ञान, नैतिक शिक्षा र क्षमता अभिवृद्धि गर्ने सीपमूलक शिक्षालाई अब्बल बनाउनेतर्फ ध्यान दिनुपर्ने आजको आवश्यकता भएको बताए । देश आज विषम परिस्थितिबाट गुज्रिएर यो अवस्थामा आएको सन्दर्भ उल्लेख गर्दै उनले त्यो विषम र कठिन परिस्थितिबाट संविधान, लोकतन्त्र र मुलुकलाई जोगाउँदै फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचनको मिति तय भएको उल्लेख गरे ।

शैक्षिक संस्थाहरूको प्रमुख कार्य मुलुकमा विभिन्न क्षेत्रका लागि आवश्यक गुणस्तरीय र दक्ष जनशक्ति तयार गर्नु भएको उनको भनाइ थियो । 'मुलुकको प्राज्ञिक र प्रशासनिक मात्र होइन, राजनीतिक क्षेत्रमा स्थापित धेरै महिलाहरू यसै क्याम्पसबाट उच्च शिक्षा हासिल गरेका पाइन्छन्, उच्च शिक्षामा नयाँ नयाँ विषय अध्ययनका क्रममा पछिल्लो समय नेपाली विद्यार्थीहरू विदेशिने क्रम बढ्दो छ, यो यथार्थतालाई मध्यनजर गरी आगामी दिनमा बजारको मागलाई सम्बोधन गर्न स्वदेशमै गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा यो क्याम्पसले विशेष ध्यान दिनेछ भन्ने मैले विश्वास लिएको छु', राष्ट्रपति पौडेलले भने ।

कुनै पनि मुलुकको विकासका लागि शिक्षाको योगदान महत्वपूर्ण रहेको उनको भनाइ थियो । साथै, नेपालमा नारीहरूको शैक्षिक उन्नयनमा पद्मकन्याको विशेष योगदान रहेको पौडेलले बताए । 'राणा शासनको अन्त्य भएर प्रजातन्त्रको बिहानीसँगै शिक्षामा सर्वसाधारणको भर्खर पहुँच पुग्न लागेका बेला नेपाली नारीहरूका लागि उच्च शिक्षाको ढोका पद्मकन्याले नै खोलेको हो, त्यस्तो जटिल परिस्थितिमा उच्च शिक्षा प्रदान गर्ने मूल उद्देश्यका साथ स्थापना भएको पद्मकन्या क्याम्पस नारी शिक्षाको पर्यायका रूपमा रहेको छ', राष्ट्रपति पौडेलले भने ।

गुणस्तरीय शिक्षाका लागि महिला सशक्तीकरण भन्ने मूल उद्देश्यले स्थापित पद्मकन्या बहुमुखी क्याम्पस गौरवपूर्ण इतिहास भएको नेपालको एक अग्रणी शैक्षिक संस्था र नारी शिक्षाका लागि मुलुककै प्रमुख प्राज्ञिक केन्द्र बन्न सफल हुनु खुशीको विषय भएको उनले बताए । पौडेलले क्याम्पसलाई महिला विश्वविद्यालयका रूपमा स्तरोन्नति गर्नका लागि भएको पहलप्रति प्रसन्नता प्रकट गर्दै यसको सफलताको लागि शुभकामना व्यक्त गरे ।

राष्ट्रपति पौडेलले पछिल्लो शैक्षिक सत्रमा विद्यावारिधी गर्ने विद्या थापा, प्रज्ञा गौतम, भगवति सेडाई, निरन खनाल र अञ्जना पोखरेललाई सम्मान गर्नुभएको थियो । कार्यक्रममा क्याम्पसको शैक्षिक प्रगतिका बारेमा क्याम्पस प्रमुख प्रा डा जयलक्ष्मी प्रधानले जानकारी गराएका थिए ।

# साँगा–धुलिखेल सडक विस्तार सुस्त गतिमा



**काभ्रेपलाञ्चोक–** अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-धुलिखेल सडकखण्डमा स्तरोन्नति कार्यअन्तर्गत पहिलो खण्ड साँगा-धुलिखेल सडक विस्तार सुस्त गतिमा अघि बढेको छ । काम सक्ने सम्झौताअनुसार बाँकी तीन हप्ताको म्याद रहँदा ४० प्रतिशत विस्तार कार्य अधुरो अवस्थामा रहेको छ ।

तीन वर्षमा विस्तार कार्य सक्नेगरी भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेल सडकखण्डमा स्तरोन्नति कार्यअन्तर्गत पहिलो खण्ड साँगा-धुलिखेल आठ किलोमिटर सडकको विस्तार कार्य २०७९ मंसिर २७ गते सम्झौता भएअनुसार अब २१ दिनको समयसीमा रहेको हो । उक्त सडकखण्ड विस्तार कार्यका लागि लामा कन्स्ट्रक्सन कम्पनी प्रालिले तीन वर्षभित्र सक्न रु चार अर्ब पाँच करोड ६४ लाखमा ठेक्का लिएको थियो ।

करिब तीन वर्षको अवधिमा ६० प्रतिशत मात्रै काम भएको सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालले जानकारी दिए । यही मङ्सिर २६ गते पहिलो खण्डको विस्तार कार्यको ठेक्का म्याद सकिनेछ । उक्त सडकखण्ड विस्तारको ठेक्का म्याद सकिनै लाग्दा भने केही स्थानमा तीव्र गतिमा काम भइरहेको छ । केही स्थानमा अवरोधका कारण काम रोकिएको महिनौं भइसकेको छ । हालसम्म धुलिखेल क्षेत्रमा करिब एक किलोमिटर सडक कालोपत्र भएको छ भने हाल बनेपाको पुलबजार-जनागाल क्षेत्रमा कालेपत्र गर्ने काम भइरहेको छ ।

जनागाल, बाँसघारी-बुडोल, साँगा-भैँसेपाटी, बनेपा बजारलगायतका क्षेत्रमा हाल कामलाई तीव्रता दिइएको आयोजनाका इन्जिनियर खनालले जानकारी दिए । उनका अनुसार पुलबजार-जनागाल क्षेत्रको बनेपातर्फ दायाँतर्फ लम्बाई ८०० मिटर र चौडाइ १० मिटर कालोपत्र सम्पन्न भइसकेको छ । बनेपाबाट साँगातर्फ बायाँ लेनको कालोपत्रको तयारी भइरहेको छ ।

यस्तै हाल बाँसघारी-बुडोल क्षेत्रमा मेन लेनमा कटिङ र सर्भिस लेनमा ग्राभेल राख्ने काम भइरहेको छ । बनेपाको चाँदनी चोकमा कल्भर्ट राख्ने तयारी भइरहेको छ भने बनेपाको चण्डेश्वरी खोला क्षेत्रमा अहिले पर्खाल लगाउने, फिलिङ गर्ने काम भइरहेको छ । साँगा-भैँसेपाटी क्षेत्रको ढुङ्गेधारामा अहिले कटिङको काम भइरहेको छ ।

पछिल्लो समय राजमार्गको पहिलो खण्डको विभिन्न स्थानमा विस्तार कार्यलाई तीव्रता दिइए पनि बनेपा-पुलबजार क्षेत्रमा भने करिब दश महिनादेखि करिब २०० मिटर सडकखण्डको काममा भने स्थानीयद्वारा सेन्टर लाइनको विषयलाई लिएर अवरोध पुर्‍याइएको छ । अवरोधबारे नापी विभाग, स्थानीय जनप्रतिनिधि र स्थानीयबीच समन्वय गरी अवरोध हटाउन धेरै पटक छलफल भए पनि कुनै समाधनको विकल्प ननिस्किएपछि विवादित क्षेत्र छाडेर अन्यत्रको कामलाई तीव्रता दिएको आयोजनाका इन्जिनियर खनालले बताए ।

आयोजनाले सूर्यविनायकदेखि धुलिखेलसम्मको दुई खण्डमा करिब ५० प्रतिशत काम भएको जनाएको छ । साँगा-धुलिखेल पहिलो खण्डमा ६० प्रतिशत र सूर्यविनायक-साँगा खण्डमा भने ४२ प्रतिशत काम सकिएको आयोजना प्रमुख विजयकुमार महतोले जानकारी दिनुभयो । उहाँका अनुसार सूर्यविनायक-साँगा खण्डमा केही स्थानका छ घर भत्काउन बाँकी रहेकाले भत्काउने प्रक्रियामा छ ।

सूर्यविनायक-धुलिखेल सडक विस्तार कार्यअन्तर्गत दोस्रो खण्ड सूर्यविनायक-साँगा ७ दशमलव ५ किलोमिटर विस्तारका लागि रु तीन अर्ब ८८ करोड ९३ लाखमा ठेक्का लगाइएको थियो । उक्त खण्डको ठेक्का अवधि पनि आउँदो पुस १८ गते म्याद सकिँदैछ छ । 'दुवै खण्डमा विस्तार कार्य सक्न म्याद थपेर आउँदो असार मसान्तसम्ममा काम सम्पन्न गर्नेबारे निर्माण व्यवसायीसँग छलफल भइरहेको छ', प्रमुख महतोले भने । साँघुरो सडकका कारण बर्सेनि ट्राफिक जाम बढ्दै गएपछि ६ लेनमा विस्तार थालिएको हो । *रासस*


## Barju Rural Municipality
## Office of Rural Municipal Executive

**Amahibelha, Sunsari**
**Koshi Pradesh, Nepal**

### Invitation for Bids for the as per table below (Second Notice)

**Contract Identification No: BRM/SUNSARI/SQ/GOODS/1/2082/83**
**Date of Second publication: 21-11-2025**

1. **Barju Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the Procurements of Office essential and consumable**.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: NIC Asia Bank Limited. Barju Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.:**2432050027873004**
   Rajaswa (revenue) Shirshakno. :AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall not be held.
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM, 7th Dec 2025** at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for **30 days** beyond the validity period of the bid. Or cash deposit the bid security amount.

   Name Of the bank :NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: **243CA50017628005**
   **Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (Excluding VAT & Contingencies) | Bid Security Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurements of Office essential and consumable | BRM/SUNSARI/SQ/GOODS/1/2082/83 | **1324390.5** | 38000.00 | 1,000.0 |

**Chief Administrative Officer**



# पर्यटकको आकर्षणमा नगरकोट

## दश हिमाल, सूर्योदय र सूर्यास्त नियाल्न उत्कृष्ट गन्तव्य

रमेश गिरी/भक्तपुर

बिहानीको सूर्योदय । पहेँलिदै र रातो हुँदै पारि आकाशमा विस्तारै सूर्यको आकार देखिने सूर्योदयको मनमोहक दृश्य, सूर्यको उदाउँदो किरणले राताम्मे बनेर टल्किएका हिमाल । अनि किनै बेरपछि हरिया डाँडामा देखिने बादल र शिरमा देखिने लामा टल्किएका हिमाली दृश्य । यी अहिले भक्तपुरको चाँगुनारायण नगरपालिका-६ नगरकोटको डाँडाबाट देखिने दृश्य हुन् ।

सूर्योदयदेखि सूर्यास्तसम्म, विश्वको अग्लो हिमाल सगरमाथादेखि विभिन्न आकर्षक १० हिमाली दृश्य अवलोकनको केन्द्रबिन्दु बनेको नगरकोट अचेल आन्तरिक र बाहय पर्यटकको आगमनको प्रमुख गन्तव्य बन्दै गएको छ । नगरकोटसँगै विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिरसहितका सम्पदालाई पर्यटन प्रवर्द्धनका माध्यमबाट विश्वभर चिनाउने उद्देश्यले चाँगुनारायण नगरपालिकाले गत वैशाख १ गतेदेखि आगामी चैत मसान्तसम्मका लागि आयोजना गरेको 'नगरकोट भ्रमण वर्ष-२०८२' ले पर्यटकलाई थप आकर्षित बनाएको छ ।

पर्यटकीय क्षेत्र नगरकोट जाने मुख्य सडक ११ वर्षसम्म निर्माण कम्पनीले अलपत्र पारेपछि करिब १७ करोड रूपैयाँको लागतमा उक्त मार्ग नगरपालिकाले कालोपत्र गरेसँगै नगरकोट जान सहज भएपछि पर्यटकहरूको आगमन बढेको पर्यटन व्यवसायी बताउँछन् । नगरकोट बसपार्कसँगै रहेको होटल मेरिगोल्डका सञ्चालक एवं पर्यटन व्यवसायी गोकुल लामिछानेले ११ वर्षदेखि सुस्ताएको पर्यटन व्यवसाय सडक कालोपत्र गरेपछि फस्टाएको बताए । यसअघि यहाँको पर्यटन व्यवसाय सडककै कारणले सुस्ताएको थियो । ११ वर्षसम्म एउटा ठेकेदारले सडकमात्रै अलपत्र पारेन, सिंगो पर्यटन व्यवसाय नोक्सानमा पारेको उनको भनाइ छ ।

लामिछानेले भने, 'सडककै कारणले नगरकोट आउने पर्यटक घटेका थिए, सोही कारण व्यवसायीले मार खेप्नुपर्‍यो तर अहिले चाँगुनारायण नगरपालिकाले भ्रमण वर्ष सुरु गरेसँगै नगरप्रमुख जीवन खत्रीको नेतृत्वमा सडक कालोपत्र गराएपछि पर्यटकको आगमन बढेको छ, यहाँका व्यवसायीमा अहिले उत्साह थपिएको छ ।' नगरकोटस्थित होटल चौतारीका सञ्चालक एवं पर्यटन व्यवसायी बद्री माकले पर्यटकको आगमनले व्यवसायमा लगानी थप गर्न आँट आएको बताए । वि.सं. २०७२ को भूकम्पले भत्किएको होटललाई नयाँ स्वरूपमा निर्माण गरेर व्यवसायमा लगानी बढाएको बताउँदै उनले बिदा र शुक्रबारको दिन अग्रिम बुकिङ नगरे ठाउँ पाउन मुस्किल पर्ने उल्लेख गरे ।

नगरकोटका होटलदेखि डाँडाहरूबाट देखिने सूर्योदय, सूर्यास्त, सगरमाथा र हिमाली दृश्यहरूले पर्यटकको मन आनन्दित बनाउने बताउँदै उनले आन्तरिक पर्यटक एक रात बसेर जाने र बाहय पर्यटकहरू तीन-चार दिनसम्म नगरकोटमा रमाउने जानकारी दिए । नगरप्रमुख खत्रीले भूकम्प, कोरोना र अलपत्र सडकका कारण थिलथिलो बनेको यहाँको पर्यटन व्यवसाय अहिले चलायमान बन्दै गएको बताए । सरकारले नगरकोट सडकको ठेक्का रद्द गरेलगत्तै नगरपालिकाले तीव्र गतिमा भक्तपुर-नगरकोट १४ किलोमिटर सडक कालोपत्र सम्पन्न गराएपछि पर्यटकको आगमन बढेको उनको भनाइ छ ।

नगरप्रमुख खत्रीले भने, 'चाँगुनारायणबाट नगरकोटसम्म यहाँका प्रमुख पर्यटकीय गन्तव्यहरू

> नगरकोटका होटलदेखि डाँडाहरूबाट देखिने सूर्योदय, सूर्यास्त, सगरमाथा र हिमाली दृश्यहरूले पर्यटकको मन आनन्दित बनाउँछ । आन्तरिक पर्यटक एक रात बसेर जाने र बाह्य पर्यटकहरु तीन-चार दिनसम्म नगरकोटमा रमाउने गर्छन् ।

> नगरकोटसँगै विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिरसहितका सम्पदालाई पर्यटन प्रवर्द्धनका माध्यमबाट विश्वभर चिनाउने उद्देश्यले चाँगुनारायण नगरपालिकाले गत वैशाख १ गतेदेखि आगामी चैत मसान्तसम्मका लागि आयोजना गरेको 'नगरकोट भ्रमण वर्ष-२०८२' ले पर्यटकलाई थप आकर्षित बनाएको छ ।

छन् । त्यसैले नगरले निर्णय गरेर नगरकोट सडकको स्तरोन्नतिका लागि बोलपत्र आह्वान गरेर तीव्र गतिमा निर्माण सम्पन्न गरायौं, यहाँको पर्यटन व्यवसायको विकास र प्रचारप्रसारका लागि नगरकोट भ्रमण वर्षको सुरुआत गरेका छौं, पर्यटकको आगमनले व्यवसायी उत्साहित हुनुहुन्छ ।'

चाँगुनारायण, मण्डनदेउपुर र बनेपा नगरपालिकाको समन्वयमा पर्यटन प्रवर्द्धनका लागि संयुक्तरूपमा गुरुयोजना निर्माण गरी अगाडि बढ्ने सहमति बनेको बताउँदै भ्रमण वर्ष सफल पार्न सबै नगरपालिकाको क्रियाशीलता रहेको उनले उल्लेख गरे । नगरकोटमा सामान्य, मध्यमवर्गदेखि उच्च तहका व्यक्तिहरू बस्न सक्नेगरी सामान्यदेखि पाँचतारे र साततारेसम्मका होटलहरू सञ्चालनमा आएका जनाउँदै नगरप्रमुख खत्रीले नयाँ होटलहरू पनि धमाधम थपिँदै गएका बताए ।

'नगरकोटलाई पर्यटकीय क्षेत्र घोषणा गराउन सरकारसँग संवादमार्फत पहल गरिरहेका छौं । पर्यटन प्रवर्द्धनका लागि प्रदेश र केन्द्रीय सरकारसँग पनि पहल गर्दै जाने छौं,' नगरप्रमुख खत्रीले भने । नगरकोटको प्रकृति, संस्कृति र समुदायलाई बचाउँदै यस क्षेत्रका बस्ने, महसुस गर्ने, सिक्ने, प्रचारप्रसार गर्ने र अनुसन्धान गर्ने विषयमा योजनाबद्ध काम गर्दै जाने उनले बताए । पर्यटन व्यवसायी एवं होटल पिसफुल नगरकोटका सञ्चालक रामशंकर ध्वजुले यहाँ पर्यटकको आगमन बढेपछि व्यवसायीले होटलमा लगानी बढाउन थालेका बताए । नगरकोटको विकासमा भक्तपुर, काभ्रेपलाञ्चोक र काठमाडौं जिल्लाले लगानी बढाउनुपर्नेमा उनले जोड दिए ।

काठमाडौंबाट ३२ किलोमिटर उत्तर-पूर्वमा र भक्तपुर नगरबाट २० किलोमिटर पूर्वमा अवस्थित नगरकोट समुद्री सतहबाट दुई हजार १७३ मिटर उचाइमा छ । व्यवसायी ध्वजुका अनुसार विश्वको सर्वोच्च शिखर सगरमाथासहित लाङटाङ, दोर्जे लाक्पा, धौलागिरि, कञ्चनजंघा, मनास्लु, गणेश, गौरीशंकर, चोयु, ल्होत्से, मकालुलगायत विश्वका उत्कृष्ट हिमशृंखलाहरू यहाँबाट देख्न सकिन्छ । नगरकोट क्षेत्र हिमालको काखबाट निस्कने सूर्योदयको दृश्यावलोकनका लागि पनि प्रसिद्ध मानिन्छ ।

प्राकृतिक सुन्दरता, हिमशृंखलाको मनोरम दृश्य, शान्त वातावरण, सूर्योदय-सूर्यास्तको अनुपम सौन्दर्य, र सांस्कृतिक विविधताको संगमका रूपमा परिचित छ । यहाँबाट लाङटाङ, गणेश, हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यहाँसम्म कि मौसम अनुकूल भएमा माउन्ट एभरेस्टसमेत देख्न सकिन्छ ।

नगरकोट नाल्दुम पर्यटन विकास समितिका अध्यक्ष नवीन गुरुङले एक दिनमा फरक-फरक मौसमको अनुभूति गर्न पाइने नगरकोट हिमाली दृश्य, सूर्योदय र सूर्यास्तमात्रै नभई यहाँका हरियालीले भरिएको घना वनजंगल, पाखा-पखेरा, घाँसेमैदान र खुला प्राकृतिक वातावरणले पर्यापर्यटनमासमेत आकर्षण बढाएको बताए ।

यहाँका गुरुङ, तामाङ, शेर्पालगायत जातिको स्थानीय संस्कृतिले पनि पर्यटकलाई सांस्कृतिक अनुभव दिनुका साथै आकर्षित गर्ने उनले बताए । यहाँका ट्रेकिङ मार्ग, साइकलिङ ट्रेल, घरबास, साहसिक खेलहरूलगायत विविध किसिमका पर्यटकलाई आकर्षित गर्ने गतिविधिका कारण बहुपक्षीय पर्यटकीय क्षेत्रका रूपमा विकसित हुँदै गएको उनले उल्लेख गरे ।

'नगरकोट भ्रमण वर्ष-२०८२' ले नगरकोटलाई एक महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन ठूलो भूमिका खेलेको अध्यक्ष गुरुङले विश्वास व्यक्त गरे । उनले यी यस्ता विशेषताका कारण पर्यटकलाई नगरकोटतर्फ आकर्षित गर्नुका साथै स्थानीय व्यवसायीहरूलाई पनि उत्पादन र सेवा सुधार गर्ने अवसर प्रदान गरेको बताए । *रासस*


# नेपाल चिनाउँदै हिँड्ने अविष्कार

ममता थापा/काठमाडौं

कास्कीको हेम्जाका अविष्कार त्रिपाठीलाई प्रकृतिसँग रम्ने बानी परेको छ । त्यसैले त उनी एक ठाउँ अडिएर बस्न सक्दैनन् । नयाँ-नयाँ ठाउँको यात्रा गर्ने र त्यहाँको प्राकृतिक सौन्दर्यका दृश्यहरू कैद गरी सामाजिक सञ्जालमार्फत प्रचार गर्ने गर्छन् । नयाँ-नयाँ ठाउँलाई चिनाउने अभियानमा लागेका २२ वर्षीय त्रिपाठीले ५० जिल्ला घुमिसकेका छन् । यसरी घुम्नुको मुख्य उद्देश्य देशको प्रकृतिलाई विश्वमाझ चिनाउनु रहेको उनी बताउँछन् ।

त्रिपाठीले सानै उमेरदेखि नेपाल चिनाउँदै हिँड्ने युवाको रूपमा परिचय बनाएका छन् । पर्यटन प्रवर्द्धनमा दिएको योगदानको उनलाई चिन्नेहरू खुलेरै प्रशंसा गर्छन् । उनले सन् २०२१ देखि २०२५ सम्मको अवधिमै ५० भन्दा बढी जिल्लाको यात्रा गरेर आफ्नो लगाव प्रस्तुत गरिसकेका छन् । नेपालको प्राकृतिक सौन्दर्यले नै आफूलाई यो क्षेत्रमा लाग्न प्रेरित गरेको त्रिपाठी बताउँछन् । यहाँको प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधतालाई विश्वसामु पुऱ्याउने अभियानमा आफू रहेको उनको भनाइ छ ।


सानै उमेरदेखि रमणीय स्थलहरू, हिमाली दृश्य, झरना, तालतलैया र स्थानीय संस्कृतिलाई क्यामरामा कैद गर्न तल्लीन त्रिपाठीलाई निरन्तर यात्रामा निस्किने बानी पर्न थालेको छ । उनले खिचेका फोटो र भिडियोहरूले केवल मनोरञ्जनमात्र नभई देश प्रेम, वातावरण संरक्षण र स्वदेशप्रतिको गर्वको अनुभूतिलाई प्रस्फुटित गरेको पाइन्छ । उनका तस्बिर तथा भिडियो सामग्रीकै कारण युवापुस्तालाई ती ठाउँको भ्रमणका लागि उत्प्रेरित गरेको देखिन्छ । यसले आन्तरिक पर्यटन प्रवर्द्धनमा भूमिका खेलेको छ । 'नेपालमा सौन्दर्य अपार छ । यो लुकेर बसेको











*तस्बिरहरू: अविष्कार त्रिपाठी*

छ । म यसलाई विश्वसामु पुऱ्याउन चाहन्छु' त्रिपाठी भन्छन् ।

उसो त रहरै रहरमा देश घुम्न सुरु गरेका त्रिपाठी अहिले यो यात्रालाई आफ्नो जिम्मेवारीको रूपमा लिन्छन् । १९ वर्षकै उमेरमा ट्रेकिङ गाइडको लाइसेन्स प्राप्त गरेका उनले अहिले देशभर आउने पर्यटकहरूलाई विभिन्न गन्तव्यमा घुमाउने कामसमेत गर्छन् । 'यदि राम्रो साधन स्रोत पाएँ भने म अझ नदेखिएका धेरै ठाउँहरू देखाउँदै जाने छु' त्रिपाठी भन्छन् । आफ्नै खर्चमा यात्रा गर्दै आएका त्रिपाठीले 'वन्डरफुल नेपाल' नामक सामाजिक सञ्जाल पेज सञ्चालन गर्दै आएका छन् । उनको पेजलाई हाल एक लाख २३ हजारभन्दा बढीले पछ्याइरहेका छन् । उक्त पेजमा नेपालको प्राकृतिक सौन्दर्य र संस्कृति झल्कने आकर्षक सामग्रीहरू नियमितरूपमा राख्ने गर्छन् ।

नेपालकै माटोमा रमाएर यहाँकै सुन्दरता अवलोकन गर्दै यहाँकै संस्कृतिलाई आत्मसात् गर्छु भन्नेहरू विरलै भेटिन्छन् । अझ पछिल्लो समय त मुलुकमा केही पनि नभएको भन्दै हजारौं युवाहरूमा विदेशको सपना देख्ने प्रवृत्ति हावी भएको छ । पर्यटन प्रवर्द्धनलाई नै आफ्नो कर्म बनाउने सपना देखेका त्रिपाठी भने युवाहरूमाझ उदाहरणीय बनेका छन् ।

# जयनन्द र इन्दिराको शालिक स्थापित 'सेन्टर सिन्धुली'






■ रसिला तामाङ

शालिक अनावरणपछि राजधानीबाट पुगेका नेपाल तामाङ कलाकार संघ र म्हेन्दोमाया कलाकार संघका ५० बढी कलाकारको प्रस्तुति पूर्व र पश्चिमका तामाङ सेलो र तामाङ गीतलाई एकै मञ्चमा उने भैं देखिन्थ्यो

**सिन्धुली–** कात्तिक ३० गते आइतबार साँझ सिन्धुलीको कमलामाई नगरपालिका वडा-३ स्थित चपौलीमा रहेको राष्ट्रिय कला संग्रहालयमा चहलपहल बेग्लै थियो । त्यहाँका स्थानीय कलाकार काठमाडौंबाट पुगेका कलाकार र पाहुनालाई स्वागत गर्न पञ्जे बाजा घन्काउँदै थिए ।

कोही खादा माला लगाएर अतिथि स्वागत सत्कारमा व्यस्त थिए । दिवंगत कलाकार जयनन्द लामा र गायिका इन्दिरा गोलेको शालिक अनावरण कार्यक्रमका लागि त्यहाँ कलाकारदेखि अतिथिहरू ओइरिएका थिए ।

सोमबार मंसिर १ गते निर्धारित कार्यक्रमअनुसार पूर्वसांसद लेखनाथ दाहालले कलाकारद्वयको शालिक अनावरण गरे । नेपाल ललित कला क्याम्पसका विद्यार्थी एवम् मूर्तिकार भक्तिराम राई र सुस्मिता मोक्तानले निर्माण गरेको शालिकले केही दिन सामाजिक सञ्जाल तातायो पनि । यही विषय औपचारिक कार्यक्रममा पनि उठ्यो । कार्यक्रमको अध्यक्षता गरेका हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष बज्रध्वज वाइबाले आफू तामाङ भएको नाताले तामाङ नश्लमा जन्मेका कलाकारद्वयको सम्मान र उनीहरूको इतिहासलाई अमर बनाउन शालिक निर्माण गरेको बताए । वाइबाले गायिका गोलेको शालिक निर्माणका क्रममा प्राविधिक कमजोरी देखिएको टिप्पणीलाई सम्बोधन गर्दै सुधार गर्न सकिने प्रतिबद्धता जनाए ।

शालिक अनावरण कार्यक्रमका संयोजन गायक फूलकुमार बमजनले गरेका थिए । कार्यक्रममा सिन्धुली कलाघरका अध्यक्ष सुमन थापा मगरको खटाइ पनि कम्तीको थिएन । शालिक अनावरणपछि राजधानीबाट लगिएका नेपाल तामाङ कलाकार संघ र म्हेन्दोमाया कलाकार संघका आबद्ध ५० बढी कलाकारका साथै नेपाली सेलो जगतका चर्चित गायक प्रेम लोप्चनलगायत स्थापित तामाङ कलाकारहरू उपस्थिति थियो । मञ्चमा पूर्व र पश्चिमका तामाङ सेलो र तामाङ गीतहरूको लाइभ प्रस्तुतिको मजा बेग्लै थियो । सिन्धुली कला घरका महिला कलाकारले पनि पञ्चैबाजा बजाएर विशेष प्रस्तुति दिएका थिए ।

शालिक अनावरण कार्यक्रममा प्रमुख अतिथिका रूपमा पूर्वसांसद दाहाल, विशेष अतिथिका रूपमा सिन्धुलीका प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठ, सार्वजनिक सेवा प्रसारण नेपाल, सञ्चालक समितिका सदस्य फूलमान बल, नेपाल संगीत तथा नाटच प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रगति महरा, कमलामाई नगरपालिकाका उपप्रमुख मञ्जु देवकाटा, घ्याङलेख गाउँपालिकाका उपाध्यक्ष शंकरमान घलान, हरिवन नगरपालिकाका उपप्रमुखहरिमाया लामा, हरिहरपुर गढीका गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत तुलसीराम आचार्य, तामाङ पत्रकार संघका संस्थापक रवीन्द्र तामाङ, तामाङ घेदुङ सिन्धुलीका अध्यक्ष बृहत्त स्याङतान, नायिका चाँदनी मोक्तान, साधना कला केन्द्रका अध्यक्ष मिलन मोक्तान र नेपाल गीतकार संघका अध्यक्ष बसन्त वित्यासी मगर लगायत उपस्थित थिए ।

साथै कार्यक्रममा दिवंगत जयनन्द लामाकी पत्नी गोपी लामा, माइला भाइ जयबहादुर लामा र इन्दिरा गोलेको बहिनी सानु गोलेलगायत अन्य सदस्यहरू पनि उपस्थित थिए ।

कार्यक्रममा उपस्थित अतिथिको आतिथ्यमा स्वागतदेखि समापनसम्म पञ्चै बाजाको धुन, खादासहितको स्वागत, खान बस्ने प्रबन्ध गर्ने, मायाका चिनो प्रदान, संग्रहालय घुमाउने लगायतका क्रियाकलापमा देखिएको कलाघरका सदस्यहरूको खटाई र हरिहरपुर गढीले कार्यक्रमका पाहुनालाई मानसम्मान, खानपिन र बसाइँका लागि गरिएका देखाएको तदारुकत स्मरणीय थिए ।

कार्यक्रममा शालिक अनावरण गरिएका प्रतिभाद्वयका गीतहरू समर्पण गरी नगाइनु, सिन्धुलीका स्रष्टाहरूको खासै उपस्थित नहुनु र आयोजकका तर्फका राखिएका वक्ताहरूको मन्तव्य र अनावरणका लागि छानिएको प्रमुख अतिथिको दृश्य भने विरोधाभासपूर्ण थियो ।

# लोप भए पानीघट्ट



**ढोरपाटन–** एक दशक अगाडिसम्म निसीखोलाका दर्जनौं स्थानमा पानीघट्ट थिए । त्यही घट्टमा यहाँका हजारौं नागरिकले गहुँ, मकै, फाफर, कोदोलगायत पिसानी गरेर उपभोग गर्थे । तर अहिले कुनै पनि स्थानमा पानीघट्ट भेटिँदैनन् । गाउँगाउँमा विद्युतीकरण भएपछि पछिल्लो समय टोलै पिच्छे विद्युतीय मिल बनेका छन् । ग्रामीण जनजीवनसँग जोडिएको पानीघट्ट मिलले विस्थापित बनेका छन् ।

कतिपयले पानीघट्ट चलाएरै जीविकोपार्जनसमेत गर्दै आएका थिए । पानीघट्ट सङ्कटमा परेपछि उनीहरूले पेसा नै बदल्नु परेको छ । निसीखोला गाउँपालिका-३ का नबहादुर मगरले करिब १२ वर्ष दुई पानीघट्ट सञ्चालन गरेर परिवार पालेको सुनाउँदै चार वर्षदेखि अरू पेसा गर्न थालेको बताए । गाउँमा विद्युतीय मिल नहुँदा दिनमै एक मुरीसम्म मकै, गहुँ र कोदो आम्दानी गरेको भन्दै अहिले आफ्नो गाउँमा मात्रै तीनवटा बिजुलीबाट चल्ने मिल रहेको मगरले बताए ।

विद्युतीय मिलमा भन्दा पानीघट्टमा पिसेको पीठो स्वादिष्ट हुने गरेको मगरले बताए । पानीघट्ट चल्दा खोलको पानी सदुपयोग भए पनि अहिले यतिकै खेर गइरहेको उनको भनाइ छ । एक दशक अगाडिसम्म निसीखोलामा मात्रै भन्डै ५० वटा बढी पानीघट्ट चल्ने गरेको भन्दै अहिले दुई/चार ठाउँमा मात्रै रहेको मगरले बताए । ती पनि सञ्चालन नहुँदा जीर्ण बनेको मगर बताउँछन् ।

'गाउँमा बिजुली आएको धेरै वर्ष भएको छैन, बिजुली नहुँद पानीघट्ट र पानीमिल मात्रै चल्थे, पानी मिल बनाउन धेरै खर्च लाग्ने हुँदा एक/दुई ठाउँमा मात्रै हुन्थे, तर पानीघट्ट ठाउँ-ठाउँमा हुन्थे, मानिसले केही पिस्न परे घट्टमै जाने गर्थे, तर अहिले त टोलटोलमा नै मिल चल्ने भएपछि पानी घट्टको महत्व हरायो, घट्ट चल्ने बेला मैले महिनामै बीसौं हजारको आम्दानी गर्थे,' उनले भने । बागलुङका अधिकांश स-साना खोला किनारमा सानो टहरोमा पानीघट्ट बनाइन्थ्यो । तर अहिले त्यो अवस्था छैन । बजारी क्षेत्रभन्दा ग्रामीण भेगमा बढी प्रचलित पानीघट्ट आधुनिक प्रविधिको विकासले लोप भएको गलकोट नगरपालिका-८ थमबहादुर खत्री बताए । पहिले गलकोट क्षेत्रमा दर्जनौं पानीघट्ट सञ्चालन हुने गरेको भन्दै अहिले कहींकतै देख्न नपाइने बताए । मिलमा भन्दा पानीघट्टमा पिसेको पीठो स्वादिष्ट हुने र महिनौंसम्म पनि ढुसी नलाग्ने उनको भनाइ छ । उनले मिलमा पिसेको पीठो एक महिनामै बिग्रिने गरेको बताए ।

'गाउँघरमा पीठो बिस्ने कि जाँतोमै हो कि त पानीघट्टमै हो, हामी सानो हुँदा एक डेढ घण्टा लगाएर घट्टमा सातु र पीठो पिस्न जाने गर्थ्यौं, घट्टमा पालो कुरेर बस्नेको लाइन हुन्थ्यो, अहिले त एउटा गाउँमा धेरै बिजुलीबाट चल्ने मिल बनाएका छन्,' खत्रीले भने, 'छिटो पनि हुँदोरैछ, कुटानी-पिसानी दुवै काम हुनेहुँदा पानीघट्टको प्रयोग गर्न छाडिएको छ, अब त त्यो जमाना फेरि आउँदैन होला, मिलहरू पनि आधुनिक किसिमका आउन थाले ।'

हरेक गाउँमा मिल सञ्चालनमा आएपछि घट्ट प्रयोगविहीन बनेका छन् । प्रयोगविहीन बनेको घट्ट जीर्ण बनेका छन् भने त्यसका पार्टपुर्जा पनि कामै नलाग्ने गरी बिग्रिएको अवस्थामा छन् । गाउँमा मिलको चलन आउनुभन्दा पहिले खोला किनारमा पानीघट्ट सञ्चालन गरी केही स्थानीयले आफ्नो जीविकोपार्जन समेत त्यहीबाट गर्दै आएका थिए । तर मिलले घट्ट विस्थापित गरी दिएपछि पानीघट्ट सञ्चालकले पेसा परिवर्तन गर्नु परेको छ । *रासस*


## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावर बिक्रीको सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति २०८२/०८/०६**

डिभिजन वन कार्यालय बाँकेको च.न ६६९ मिति: २०८२/०६/०५ गतेको बाह्य लिलाम सहमति बमोजिम यस समुहको मिति २०८२/०६/२२ गतेको पहिलो पटक प्रकाशित सूचना अनुसार समूहज्ञको घाटगद्दी मा रहेका साल, असना, जामुन, कर्मा, कुम्भि, धौटी, कुसुम, दवदवे, तेन्दु जातका कुल जम्मा गोलिया थान ६५७ को ४७६९.४५ क्यू.फिट काठ तथा साल जातको ५ चट्टा दाउरा विविध कारणवश लिलाम हुन नसकी बाँकी रहेकोले उल्लेखित परिमाणको काठ दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले दोश्रो पटक यो सुचना प्रकाशित गरिएको हो । इच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका ससमिल वा कम्पनीले यो दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी १६ औं दिनको दिउसो १२:३० बजे भित्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिकमा टाँस गरिएको छ ।

**श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह ।**
**राप्तीसोनारी-०८, बाँके**


# कोशी प्रदेशका ४२ हिमताल उच्च जोखिममा



**खाँदबारी (संखुवासभा)–** कोशी प्रदेशमा रहेका ४२ वटा हिमताल उच्च जोखिमयुक्त अवस्थामा रहेको अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले तथ्याङ्क सार्वजनिक गरेको छ ।

संखुवासभाको सदरमुकाम खाँदबारीमा आज आयोजित 'नेपालका हिमनदी तथा हिमतालमा भइरहेको तीव्र परिवर्तनले उत्पन्न जोखिम'सम्बन्धी अन्तरक्रियामा इसिमोडका विज्ञ शरदप्रसाद जोशीले सन् २०२० को प्रतिवेदनमार्फत उक्त तथ्याङ्कबारे जानकारी गराए । जोशीका अनुसार नेपालमा रहेका दुई हजार ६९ हिमतालमध्ये कोशी क्षेत्रमा मात्र ४२ वटा अत्यन्तै जोखिमयुक्त अवस्थामा छन् । हिमताल फुटे ठूलो जनधन तथा भौतिक संरचनामा विनाश हुनसक्ने उल्लेख गर्दै जोशीले उच्च सतर्कता तथा पूर्वतयारी आवश्यक रहेकामा जोड दिए ।

संखुवासभामा मात्र भोटखोला र मकालु क्षेत्र गरी चार वटा हिमताल उच्च जोखिम समूहमा परेको जोशीको भनाइ थियो । तीमध्ये तल्लो वरूण क्षेत्रस्थित ठूलोपोखरी हिमताल सबैभन्दा जोखिमयुक्त मानिएको छ । करिब ती किलोमिटर लम्बाइ र करिब २०६ मिटर गहिराइ भएको अनुमान गरिएइको उक्त हिमतालका वरिपरि पनि १५ देखि २५ मिटर गहिराइ पनि रहेको उनले बताए ।

जल तथा मौसम विज्ञान विभाग र युएनडिपी नेपालको सहकार्यमा चार वटा हिमतालका लागि जोखिम न्यूनीकरण योजना कार्यान्वयन भइरहेको उनको भनाइ छ । तल्लो वरूणमा रहेको ठूलोपोखरी पनि सो योजनामा समावेश छ । हिमताल फुट्ने अवस्था उत्पन्न भए अरुण उपत्यकाका धेरै बस्ती तथा भौतिक संरचना प्रत्यक्ष जोखिममा पर्ने उनको भनाइ छ । तिब्बत क्षेत्रबाट बगेर आउने १३ वटा हिमताल पनि उत्तरी भेगका लागि सम्भावित खतरा रहेको उनले बताए ।

कार्यक्रममा इसिमोडकी नीरा श्रेष्ठ प्रधानले विपद्मा असक्त, महिला तथा बालबालिका सबैभन्दा बढी प्रभावित हुने हुँदा तिनलाई लक्षित चेतना अभिवृद्धि र क्षमता विकास कार्यक्रम सञ्चालन भइरहेको बताइन् । जिल्ला समन्वय समिति सङ्खुवासभाका प्रमुख सुमन शाक्यले जोखिमयुक्त हिमतालको दीगो व्यवस्थापनका लागि तत्काल प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिए ।

प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियालगायत सरोकारवालाको उपस्थिति रहेको कार्यक्रममा हिमताल व्यवस्थापन, जोखिम न्यूनीकरण तथा स्थानीय तयारीबारे विस्तृत छलफल भएको थियो । *रासस*


## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०६।२८ गते का.जि.का.म.न.पा १५, स्वयम्भू स्थित बौद्ध धर्म सेवा समिति अगाडि पार्किङ गरिराखेको रातो/कालो रङ्को २२० सी.सी पल्सर मोटरसाइकल साँझको अन्दाजी ६:४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको महानगरीय प्रहरी बृत्त स्वयम्भू वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : बम बहादुर तामाङ**
**बाइक नं.: बा.प्र. ०२-०५५ प ८३२३**
**च्यासिस नं.: MD2A13EX2RCH83775**
**इन्जिन नं. : DKXCAM48635**
**ठेगाना : का.जि.का.म.न.पा १५, डल्लु**
**सम्पर्क नं. ९८४१६३२७४८**

## मलेसियामा रोजगार

कम्पनी : JK SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०५ | LT. No. 322968 | चलानी नं. ६०२३६८०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1700 | ५८,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ASIA ACTIVE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०५ | LT. No. 322675 | चलानी नं. ६०२३६८००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 16 | 0 | 1700 | ५८,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १३ गते (29th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Abdullah Sulaiman Abdullah Al-Harkan & Partners Co., Ltd.

पूर्व स्वीकृति मिति : २०८२/०८/०१ | LT. No. 333791 | चलानी नं.६०२४७५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COUNTER SERVER | 20 | 0 | 1200 | ४५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १३ गते (29th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## कुवेतमा रोजगार

कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०५ | LT. No. 314528 | चलानी नं. ६०२२८९०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 10 | 135 | ५९,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Duty Driver | 29 | 0 | 200 | ९२,१७० | | | | | | | |
| 3 | Heavy Equip Operator | 7 | 0 | 220 | १०१,३८५ | | | | | | | |
| 4 | Labour | 83 | 0 | 95 | ४३,७८० | | | | | | | |
| 5 | Security Guard/guard | 25 | 0 | 135 | ५९,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १३ गते (29th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Swift Gurkha International Pvt. Ltd.
श्रम ईजाजत नं. ५५९/०६२/०६३
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

# प्रभाव दैनिक

रूपशाला




### विक्रमको 'दर्शन ढुंगा' सार्वजनिक

गायक विक्रम धमलाको नयाँ गीत 'दर्शन ढुंगा'का सार्वजनिक गरेका छन् । दैनिक जीवनमा आउने तनावलाई भुलेर अर्थपूर्ण ढंगले जिउनुपर्छ भन्ने भावको गीतलाई प्रदीप लम्सालले लेखेका हुन् । गीतमा विक्रमश्री बाँस्तोलाको संगीत छ भने श्यामश्वेत रसाइलीले एरेन्ज तथा मिक्सिङ गरेका छन् । गीतको भिडियोमा गायक विक्रम स्वयं र उमा कार्की फिचर्ड छन् । अरूण न्यौपानेले खिचेको भिडियोलाई विकास धमलाले सम्पादन तथा कलर संयोजन गरेका छन् । मेकअप आर्टिस्ट सम्झना सेन्चुरी हुन् ।


शनिबार, ०६ मंसिर २०८२ (Saturday, 22 November 2025)


# 'बाटुलो जून'को छायांकन सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** सनराइज पिक्चर्स प्रालीको ब्यानरमा निर्माण हुने चलचित्र 'बाटुलो जून'को शुभसाइत गरिएको छ । पाटनस्थित बगलामुखी मन्दिरमा शुक्रबार क्यामेरा र स्कृप्ट पूजा गर्दै निर्माण युनिट फ्लोरमा निस्केको हो ।

पछिल्लो फिल्म 'ड्रिम्स' रिलिजको झन्डै १० वर्षपछि अभिनेता तथा निर्देशक भुवन केसी यो चलचित्रबाट 'एक्सन कट'मा पुनरागमन गर्दैछन् । फिल्ममा अनमोललाई केसी अभिनेत्रीद्वय प्रिन्सी खतिवडा र नेन्सी खड्काले अभिनयमासाथ दिनेछन् । भुवन केसी आफैंपनि प्रमुख अभिनयमा रहने बाटुलो जूनमा प्रकाश घिमिरे, रेअर राई, दिपक केसी, श्वेता मिश्र, लक्ष्मी गिरी, शारदा गिरी, लक्ष्मीनाथ तिमिल्सिना, शिशिर शिवाकोटी, अर्पणा घतानी, विविका पौडेल र कमल देवकोटाको अभिनय रहनेछ ।

निर्देशक केसीले यो चलचित्र ग्रामिण परिवेशको विशुद्ध प्रेमकथामा आधारित रहने बताए । 'बाटुलो जून' निर्माण जीया केसी र भविष्य खड्काले गर्न लागेका हुन् । खड्का फिल्म 'जेरी अन टप'की निर्मात्री हुन् ।

अभिनेता अनमोल केसीले हिजोको दिनमा बुवा भुवन केसीले चिनो, सम्झना र कुसुमे रूमालजस्ता चलचित्रमा निभाएको भूमिका र सोहि चलचित्रहरूमा देखिएको लूक्समै आज आफुलाई पाएको भन्दै घुमाउरो पाराले बुवाकै विरासत धान्ने गरी यो चलचित्रमा जोडिएको बताए । बोली, भाषादेखि धेरै कुरामा भिन्न तरिकाले प्रस्तुत हुन लागेको भन्दै अनमोलले सम्पूर्ण टिमको मेहनत र साथले आफूले पनि पात्रलाई न्याय गर्ने र चलचित्र पनि उत्कृष्ट बन्ने बताए ।

पहिलो चरणमा ४५ दिनको छायांकन सेड्यूअलसहित फ्लोरमा निस्केको यो फिल्मलाई काठमाडौं, ढोरपाटन, काभ्रेपलाञ्चोक, चित्लाङ र पोखरा लगायतका स्थानमा छायांकन गरिनेछ । चलचित्रमा तेजबिक्सम केसी कार्यकारी निर्माता छन् भने लेखन सामिप्यराज तिमिल्सेना र सरिन पोखरेलको छ । फिल्ममा छायांकन राजेश श्रेष्ठको रहनेछ भने रेनशा वान्तवा राईले कोरियोग्राफी गर्नेछिन् ।

# 'ऊनको स्वीटर' भारतका सहरमा प्रदर्शन



**काठमाडौं (प्रस)–** चलचित्र 'ऊनको स्वीटर' शुक्रबारदेखि भारतमा प्रदर्शन गरिएको छ । भारतको वितरक कम्पनी एसली प्रोडक्सनका प्रमुख एवन राईका अनुसार भारतको दार्जिलिङको एसभिएफ सिनेमा, कर्स्याङको फन्टाजी सिनेमा, नाम्ची इम्पेरियल सिनेमा, गान्तोकका डेन्जोङ, वज्र र आइएनओएक्स गान्तोक तथा सिलिगुडीका सिनेमा सिटीसेन्टर, वेगा सर्कल, एग्रोपोलिस र साउथ सिटी सिनेमामा चलचित्र प्रदर्शन गरिएको हो । नयाँदिल्ली, असामलगायत स्थानमा भने आगामी हप्ता प्रदर्शन गरिने जनाइएको छ ।

गायक सुजन चापागाईं, निर्देशक नवीन चौहान, अभिनेता-अभिनेत्रीसहितको समूहले दार्जिलिङ, सिलिगुडी, गान्तोक, कर्स्याङ र कालिम्पोङका हलमा पुगेर दर्शकसँग प्रत्यक्ष भेटघाट गर्ने कार्यक्रमसमेत तय गरिएको छ ।

राईले भने, 'सिक्किम सरकार र स्थानीय समुदायले देखाएको साथले भविष्यमा नेपाली चलचित्रको उपस्थिति भारतभर उल्लेखनीय बनाउन मद्दत गर्नेछ । 'ऊनको स्वीटर' हाम्रो पहिलो प्रयास हो, र यसले बलियो सङ्केत दिइसकेको छ ।' यसअघि बुधबार एमजी रोड, गान्तोकमा आयोजित 'ऊनको स्वीटर साँझ' कार्यक्रममा दर्शकको उल्लेख्य सहभागिता रहेको राईले जानकारी दिए । चलचित्र गत वैशाख २६ गते प्रदर्शनमा आएको थियो । चलचित्रमा नवीन चौहानद्वारा लेखन तथा निर्देशन रहेको छ ।

# भूमिका सुब्बालाई बी-स्टार अवार्ड



**काठमाडौं–** लोकपप विधामा उत्कृष्ट प्रस्तुतिका लागि कलाकार तथा गीतकार भूमिका सुब्बा लिम्बू यस वर्षको बी स्टार अवार्ड-बाट सम्मानित भएकी छन् । लिम्बुले तयार पारेको गीत बनचरीलाई कार्यक्रममा निर्णायक (जुरी) ले उच्च मूल्यांकन गर्दै 'सर्वोत्कृष्ट गीत (लोक-पप) - ज्यूरी अवार्ड प्रदान गरेको हो ।

गीत बनचरीले लोक-धुन, भावनात्मक शब्द र आधुनिक प्रस्तुतीकरणका कारण श्रोतामाझ लोकप्रिय छ । तीन दशकदेखि गीत लेखन तथा गायनमा सक्रिय लिम्बू पछिल्ला वर्षहरूमा लोक-पप क्षेत्रमा सक्रिय र लोकप्रिय हुदै आएकी छन् । बी स्टार अवार्डले नयाँ सिर्जना र प्रतिभालाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न विधामा उत्कृष्टतालाई सम्मान गर्दै आएको छ ।



एनपिएल-२०२५

# सुदूरपश्चिमको लगातार दोस्रो जित, पोखराको दोस्रो हार



■ प्रभाव संवाददाता

**काठमाडौं–** साबिक उपविजेता सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपीएल)मा लगातार दोस्रो जित निकालेको छ । शुक्रबार सम्पन्न खेलमा पोखरा एभेन्जर्सलाई १८ रनले पराजित गर्दै सुदूरपश्चिम शीर्ष स्थानमा उक्लिएको हो । सुदूरपश्चिमल दिएको १९४ रनको लक्ष्य पछ्याएको पोखराले ८ विकेट गुमाउँदै १७५ रन मात्रै बनाउन सक्यो ।

योसँगै सुदूरपश्चिम २ खेलबाट ४ अंक जोडेको छ । पोखराको भने यो लगातार दोस्रो हार हो । पोखराका कुशल भुर्तेलले सर्वाधिक ५३ रन बनाए । ३२ बल खेलेका उनले ४ चौका र ४ छक्का प्रहार गरे । जिम्मी निसमले २५ बलमा २ चौका र ५ छक्कासहित ४७ रन बनाए ।

डान डाउथवेटले ३७ रनको योगदान दिए । सुदूरपश्चिमका हर्मित सिंहले सर्वाधिक २ विकेट लिए । हेमन्त धामी, अविनाश बोहरा, दीपेन्द्रसिंह ऐरी, नरेन साउद र स्कट कुगेलेइनले समान १ विकेट राखे ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ थालेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १९३ रन बनाएको थियो ।

सुदूरपश्चिमका जोश ब्राउनले सर्वाधिक ६८ रन बनाए । ३५ बल खेलेका उनले ६ चौका र ५ छक्का प्रहार गरे । विनोद भण्डारीले ४२ बलमा ६ चौकासहित ४३ रन बनाए । क्रिस लिन ३१ र कप्तान दीपेन्द्रसिंह ऐरी १५ रनमा आउट हुँदा अन्यको प्रदर्शन निराशाजनक रह्यो । पोखराका जिम्मीले सर्वाधिक ३ विकेट लिए । आकाश चन्द र विपिन खत्रीको नाममा समान २ विकेट रह्यो ।

यसअघि सुदूरपश्चिमले पहिलो खेलमा काठमाडौं गोर्खाजविरुद्ध २९ रनको प्रभावशाली जित हासिल गरेको थियो । पोखराको भने यो लगातार दोस्रो हार हो । यसअघि पोखराले पहिलो खेलमा विराटनगर किंग्ससँग ५३ रनको पराजय बेहोरेको थियो ।

शनिबार एनपिएलका दुई खेल हुँदैछन् । पहिलो खेल बिहान ११:१५ मा कर्णाली याक्स र लुम्बिनी लायन्स भिड्दैछन् । कर्णाली पहिलो खेलमा चितवनसँग पराजित भएको थियो लुम्बिनीले पहिलो खेलमा चितवनलाई पराजित गरेको थियो । त्यस्तै दोस्रो खेल दिउँसो ३:३० बजे विराटनगर किंग्स् र काठमाडौं गोर्खाज्बीच हुनेछ ।

**आजको खेल**

NPL — NEPAL PREMIER LEAGUE

| | |
|---|---|
| लुम्बिनी लायन्स्विरुद्ध कर्णाली याक्स् | बिहान ११:१५ बजे |
| विराटनगर किंग्स्विरुद्ध काठमाडौं गोर्खाज् | दिउँसो ३:३०बजे |

# प्याब्सन मध्य क्षेत्रीय बास्केटबल सोमबारदेखि




**काठमाडौं (प्रस)–** प्याब्सन मध्य क्षेत्रीय समितिको आयोजनामा १४ औं प्याब्सन मध्य क्षेत्रीय बास्केटबल प्रतियोगिता सोमबारदेखि हुने भएको छ ।

प्रतियोगितामा ३ विधा विभिन्न २० विद्यालयका ४२ टिमको सहभागिता रहने आयोजक समितिका अध्यक्ष धनप्रसाद सुब्बाले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए । सिनियर ब्वाइजमा १८ तथा सिनियर महिला र जुनियर पुरुष समान १२-१२ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्ने छन् ।

प्रतियोगिताका खेलहरू बुद्धनगरस्थित इनोभेटिभ इङलिस स्कुल र बानेश्वरस्थित काठमाडौं जेभियर्स पब्लिक स्कुलको कोर्टमा खेलाइने छ । नकआउट चरणदेखिका सम्पूर्ण खेल भने इनोभेटिभमा हुनेछ । उद्घाटन कार्यक्रम पनि इनोभेटिभमै हुनेछ ।

प्रतियोगिता सञ्चालन गर्न करिब ४ लाख रूपैयाँ खर्च हुने प्रतियोगिता संयोजक एवं आयोजक समितिका उपाध्यक्ष तेजप्रकाश श्रेष्ठले जानकारी दिए । गत संस्करणको सिनियर ब्वाइजमा हेम्स तथा जुनियर ब्वाइज र सिनियर गर्ल्समा काठमाडौं जेभियर्स च्याम्पियन बनेका थिए । शीर्ष तीन स्थानमा रहने टिम, अनुशासित टिम, 'मोस्ट भेलुएबल प्लेयर' र सर्वाधिक स्कोरकर्तालाई ट्रफी, पदक तथा प्रमाण पत्र प्रदान गरिने छ । फाइनल मंसिर १३ गते हुनेछ ।

पत्रकार सम्मेलनमा काठमाडौं नगर प्याब्सन र आयोजक समितिका पूर्व अध्यक्ष गगनसिंह ऐर, आयोजक समितिका पूर्व अध्यक्ष दिनेश पाण्डे, काठमाडौं जेभियर्सका प्रिन्सिपल आरबी अधिकारी, इनोभेटिभका प्रिन्सिपल विजय थापालगायतको उपस्थिति रहेको थियो ।

## यू-१४ फुटबलको सेमीफाइनल समीकरण पूरा

**बुटवल (प्रस)–** रूपन्देहीमा जारी यु-१४ इन्टर स्कुल फुटबल प्रतियोगिताको बोइज तथा गर्ल्स दुवैतर्फको सेमिफाइनल समीकरण पूरा भएको छ । समूह चरणका खेल सकिएसँगै बोइजतर्फ समूह 'ए'को विजेता बन्दै स्कोलर्स होमले सेमिफाइनलमा स्थान बनाएको छ । स्कोलर्स होमले पहिलो सेमिफाइनलमा समूह 'बी' को विजेता न्यु होराइजनसँग भिड्नेछ ।

त्यसैगरी, समूह 'सी' को विजेता नविन मा.वि दोस्रो सेमिफाइनलमा समूह 'डी'को विजेता ग्रिन प्लान्ट बोर्डिङसँग प्रतिस्पर्धा गर्नेछ । गर्ल्सतर्फ समूह विजेता सिद्धार्थ इङ्लिस बोर्डिङ स्कूल र कुन्वरवर्ती स्कूलले फाइनलमा स्थान सुरक्षित गरेका छन् । यद्यपि, समूह चरणका धेरै खेलमा उमेरसम्बन्धी विवाद उठेको थियो ।

# लहानमा क्रिकेट रंगशाला निर्माण प्रक्रिया अघि बढ्दै

**सिरहा (प्रस)–** जिल्लाको लहान नगरपालिका-४ स्थित यज्ञभूमिमा क्रिकेट रंगशाला निर्माण प्रक्रिया सघन रूपमा अघि बढेको छ । युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता रंगशाला निर्माण प्रक्रियाको अवस्थाबारे जानकारी लिन शुक्रबार स्थलगत निरीक्षणका लागि यज्ञभूमि पुगेका थिए ।

निरीक्षणका क्रममा मन्त्री गुप्ताले मन्त्रालयबाट रु तीन करोड बजेटको व्यवस्था भइसकेको जनाउँदै प्रविधिक अध्ययनको काम भइरहेको बताए । विगतमा विभिन्न कारणले रोकिएको बजेट फुकुवाका लागि अर्थ मन्त्रालयमा फाइल पुगेकाले प्रक्रिया पूरा भएलगत्तै काम सुरु हुने उनले विश्वास दिलाए । 'हामी जसरी हुन्छ काम अगाडि बढाउनेतर्फ केन्द्रित छौं, कागजपत्र मिलाउने, रकम व्यवस्थापनलगायत काम प्रक्रियामा छन्', मन्त्री गुप्ताले भने । लहान क्रिकेट क्लबका अध्यक्ष विमल ठाकुरका अनुसार उक्त क्षेत्र सरकारी जग्गा भएकाले रंगशाला निर्माण सहज हुने बताउँदै लहान नगरपालिकाले रु दुई करोड सहयोग घोषणा गरिसकेको जानकारी दिए । मन्त्रालयको रु तीन करोडसहित रु पाँच करोडको प्रारम्भिक काम शीघ्र सुरु हुने उनले बताए ।

पहिले सार्वजनिक भइसकेको डिजाइनअनुसार विस्तृत परियोजना प्रतिवेदन डिपिआर) तयार गर्ने काम भइरहेको क्लबले जनाएको छ । मन्त्री गुप्ताको गृहनगर भएकाले रंगशाला निर्माणप्रति स्थानीयस्तरमा थप आशा बढेको छ ।



भारतको असामस्थित नगअन जिल्लामा धान भित्र्याउँदै त्यहाँका स्थानीय । *तस्विरः सिन्हवा*

# दक्षिण कोरियामा अपदस्थ राष्ट्रपति युनमाथि अनुसन्धान हेरफेरको नयाँ अभियोग



**सियोल–** दक्षिण कोरियाका अपदस्थ राष्ट्रपति युन सुक-योललाई उनीसम्बन्धी अर्को आपराधिक मामिलामा समुद्री डुबान दुर्घटनाको अनुसन्धान हेरफेर गर्ने प्रयास गरेको आरोपमा शुक्रबार नयाँ अभियोग दर्ता गरिएको अधिकारीहरूले बताएका छन् ।

यस वर्षको सुरुआतमा डिसेम्बर ३ को मार्शल ल डिक्रीसँग सम्बन्धित विद्रोहको आरोपमा युनमाथि अभियोग लगाइएपछि उनी पदच्युत भएका थिए । जुन महिनामा पदभार सम्हालेपछि नव-निर्वाचित राष्ट्रपति ली जे-म्युङले युनद्वारा मार्शल ल लागू गरेको विषय तथा युन, उनकी पत्नी र उनका नजिकका सहयोगीहरू संलग्न अन्य घटनाहरूको छानबिनका लागि तीन जना स्वतन्त्र विशेष सल्लाहकारहरू नियुक्त गरेका थिए ।

शुक्रबार एक स्वतन्त्र विशेष वकिलले युन, पूर्व रक्षामन्त्री तथा अन्य १० जनामाथि शक्ति दुरूपयोग गरेको आरोप लगाउँदै सन् २०२३ मा बाढीपीडितहरूको खोजी तथा उद्धार अभियानका क्रममा मृत्यु भएका समुद्री कोरका जवान चाए सु-ग्युनको मृत्युसम्बन्धी अनुसन्धान प्रतिवेदन परिवर्तन गर्ने प्रयास गरेको दाबी गरेका छन् ।

मरीन कर्प्सको प्रारम्भिक प्रतिवेदनले एक डिभिजन कमान्डरलगायत सात जनालाई चाएको मृत्युका लागि जिम्मेवार ठहर गरेको थियो । तर उक्त प्रतिवेदनमा कमान्डरको नाम समावेश भएको प्रति युनले तीव्र असन्तोष प्रकट गर्दै राष्ट्रपति कार्यालय र रक्षा मन्त्रालयका उच्च अधिकारीहरूलाई मरीन कर्प्समा दबाब सिर्जना गरी कमान्डरलाई छुट्याइने गरी प्रतिवेदन संशोधन गराउन प्रेरित गरेको सहायक विशेष सल्लाहकार चौङ मिन-यङले ब्रिफिङमा बताए ।

मरीन कर्प्स अनुसन्धान टोलीका प्रमुख पार्क जङ्ग-हुनले यस्तो दबाब अस्वीकार गर्दै प्रतिवेदन सोभै प्रहरी कार्यालयमा पठाएका थिए । तर चौङका अनुसार युनले अधिकारीहरूलाई उक्त फाइल प्रहरीबाट फिर्ता ल्याउन आदेश दिँदै पार्कलाई बर्खास्त गर्न तथा अवज्ञाको आरोपमा अनुसन्धान अघि बढाउन निर्देशन दिएका थिए ।

सहायक सल्लाहकार चौङका अनुसार पार्कको अनुसन्धान प्रक्रिया कानून र सैन्य सिद्धान्तअनुरूप थियो, तर युन तथा अन्य अभियुक्तहरूले 'व्यवस्थित रूपमा' शक्ति दुरूपयोग गर्दै मरीन कर्प्सको अनुसन्धान टोलीको 'निष्पक्षता र स्वतन्त्रता कमजोर पार्ने' कार्य गरेका छन् । जेलमा रहेका पूर्व राष्ट्रपति युनले नयाँ अभियोगबारे तत्काल कुनै टिप्पणी गर्नुभएको छैन । यसअघि उहाँले आफूमाथि लागेको सबै आरोप अस्वीकार गर्दै आएका थिए ।

युनमाथि विद्रोहको योजना गरेको आरोपमा चलिरहेको मुख्य मुद्दाको फैसला आगामी वर्षको प्रारम्भमा आउने अपेक्षा गरिएको छ । उक्त मुद्दामा दोषी ठहरिए मृत्युदण्ड वा आजीवन कारावाससमेतको सम्भावित सजाय हुनेछ ।

यस्तै, यो महिनाको प्रारम्भमा युनमाथि उत्तर कोरियाली क्षेत्रमा जानाजानी सैन्य तनाव उत्पन्न गर्न तथा मार्शल ल लागू गर्ने औचित्य सिद्ध गर्न ड्रोन उडानको आदेश दिएको आरोपमा पनि अभियोग दर्ता गरिएको थियो । *रासस⁄एपी*

# युक्रेनका राष्ट्रपति जेलेन्स्की बढ्दो राजनीतिक र सैन्य दबावबीच सङ्कटको घेरामा



**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्की रूसको विनाशकारी पूर्ण-स्तरीय आक्रमण शुरू भएको करिब चार वर्षपछि देशलाई नेतृत्व दिने आफ्नो क्षमताको कडा परीक्षामा परेका छन् । भ्रष्टाचार काण्ड, राजनीतिक अशान्ति, अमेरिकी-रुसी नयाँ शान्ति प्रस्ताव र युद्धभूमिको कष्टकर अवस्थाबीच जेलेन्स्कीमाथि दबाब दिन प्रतिदिन बढ्दै गएको छ ।

एक साताभन्दा बढी समयदेखि राष्ट्रपति जेलेन्स्की शीर्ष अधिकारी तथा नजिकका सहयोगीहरू संलग्न भएको भनिएको करिब १० करोड डलरको ठूलो भ्रष्टाचार काण्डको असर नियन्त्रण गर्न निरन्तर सङ्घर्षरत छन् । यसबीच संयुक्त राज्य अमेरिकाले युक्रेनबाट व्यापक सहुलियत माग्ने तर रुसलाई थोरै मात्र प्रतिबद्धता प्रदान गर्ने नयाँ शान्ति प्रस्ताव अघि बढाएको छ, जसले जेलेन्स्कीमाथि थप दबाब सिर्जना गरेको छ ।

रुस एक हजार किलोमिटर (६२० माइल) लामो अग्रमोर्चाका केही क्षेत्रमा ढिलो तर निरन्तर रूपमा अगाडि बढिरहेको छ । साथै युक्रेनका पावर प्लान्टहरूलाई निरन्तर प्रहार गरिरहेको छ, जसका कारण चिसो मौसममा बिजुलीको गम्भीर अभाव देखिन थालेको छ ।

राष्ट्रपति जेलेन्स्कीले सामना गरिरहनुभएको बढ्दो चुनौतीहरू बुझ्न आवश्यक पाँच मुख्य पक्षहरू यस्ता छन् :

## विद्रोह र भ्रष्टाचार काण्डको दबाब

ऊर्जा क्षेत्रसँग सम्बन्धित ठेकेदारहरूले भुक्तान गरेको भनिएको किकब्याकमार्फत करिब १० करोड डलर दुरूपयोग भएको खुलासा भएपछि युक्रेनका भ्रष्टाचार निगरानी संस्थाहरूले मुद्दा सार्वजनिक गरे र त्यसपछि राष्ट्रपति जेलेन्स्की आफ्नै दलभित्रका सांसदहरूको असन्तोष र विद्रोहसँग जुधिरहेका छन् ।

जेलेन्स्कीले अनुसन्धान सार्वजनिक भएपछि दुई शीर्ष अधिकारीलाई पदबाट हटाए र नजिकका सहयोगीहरूमाथि प्रतिबन्ध लगाए । आरोपितमध्ये एकजना तिमुर मिन्डिच देश छाडेर भागेको बताइन्छ । मिन्डिच राष्ट्रपति बन्नुभन्दा अघि जेलेन्स्कीको स्वामित्व रहेको एक मिडिया उत्पादन कम्पनीमा साझेदारी राख्थे ।

कसै-कसैले राष्ट्रपति कार्यालयका शक्तिशाली प्रमुख, एन्ड्री यर्माकलाई बर्खास्त गर्न आग्रह गरिरहेका छन् । अनुसन्धानकर्ताहरूले न त जेलेन्स्की न त यर्माकमाथि प्रत्यक्ष गलत काम गरेको आरोप लगाएका छन्, तर यर्माकको उच्चस्तरीय प्रभाव तथा सरकारी नियुक्तिमा निर्णायक शक्तिका कारण सांसदहरू उनलाई जिम्मेवार ठहरिनुपर्ने व्यक्तिका रूपमा देखिरहेका छन् ।

राजनीतिक विश्लेषकहरूका अनुसार यदि यर्माक पदबाट नहटे जेलेन्स्कीको दल सर्भन्ट अफ द पिपुलले सन् २०१९ मा दुई-तिहाइभन्दा बढी सिट जिते पनि हालको अस्थिरताले दलभित्र फाटो वा संसदीय बहुमत गुम्ने जोखिम बढेको छ ।

स्वतन्त्र विशेषज्ञ माइकोला डेभिडियुकका अनुसार जेलेन्स्कीको व्यवस्थापन शैलीले वर्तमान अवस्थामा प्रभावकारी रूपमा काम गरिरहेको छैन र भ्रष्टाचार काण्डप्रति उनको प्रतिक्रिया युक्रेनका विदेशी सहयोगीहरूसँगको सम्बन्धमा निर्णायक हुनसक्छ ।

## शक्तिमा जेलेन्स्कीको पकड तत्काल जोखिममा छैन

रुससँगको युद्धका कारण युक्रेनमा मार्शल ल लागू भएको छ, जसले राष्ट्रपति तथा संसदीय चुनाव अनिश्चितकालका लागि स्थगित गरेको छ । त्यसैले लोकप्रियता घटे पनि वा संसद्मा समर्थन कमजोर भए पनि युद्ध जारी रहेसम्म जेलेन्स्कीले स्वेच्छाले राजीनामा नदिएसम्म पद गुमाउने सम्भावना अत्यन्त कम छ ।

युद्धअघि अर्को राष्ट्रपति चुनाव सन् २०२४ को वसन्तमा तय गरिएको थियो । तर राजनीतिक रूपमा बढ्दो चुनौतीहरूले रुससँगको कुनै सम्भावित शान्ति सम्झौतालाई संसद्मार्फत अघि बढाउने जेलेन्स्कीको क्षमता कमजोर पार्न सक्छ । यदि युद्धपछि पुनः चुनावमा गएको अवस्थामा यर्माकको निरन्तर उपस्थिति उनको भविष्यको सम्भावनामा बाधक बन्न सक्ने विश्लेषकहरूको भनाइ छ ।

## पूर्व सेना प्रमुख जलुज्नी सम्भावित प्रतिद्वन्द्वी

वर्तमान अवस्थामा कुनै पनि विपक्षी नेता यथार्थ रूपमा जेलेन्स्कीका लागि खतरास्वरूप उभिन सक्ने स्थितिमा छैनन् । तर सबभन्दा सम्भावित चुनौती भ्यालेरी जलुज्नी हुनसक्ने अड्कल छ । जुलुज्नीले युद्धको प्रारम्भिक चरणमा सफल प्रतिआक्रमणहरू निर्देशन गरे र २०२३ को अन्त्यतिर जेलेन्स्कीले उलाई पदबाट हटाए ।

हाल जलुज्नी बेलायतका लागि युक्रेनका राजदूत छन् र उनले राजनीतिक आकांक्षा अस्वीकार गरे पनि सार्वजनिक सर्वेक्षणहरूले उनलाई जेलेन्स्कीको सम्भावित प्रतिस्पर्धीको रूपमा देखाइरहेका छन् ।

## अमेरिका-रूसको नयाँ युद्ध अन्त्य प्रस्ताव

संयुक्त राज्य अमेरिका र रुसले तयार पारेको नयाँ प्रस्तावले युक्रेनलाई गम्भीर सहुलियतहरू गर्न आह्वान गर्छ, जसमा केही क्षेत्र रूसलाई हस्तान्तरण गर्नु, केही हतियारहरू त्याग्नु र अमेरिकी सैन्य सहयोगमा कटौती गर्नु समावेश छ ।

प्रस्तावअनुसार पूर्वी डोनबास क्षेत्रको पूर्ण नियन्त्रण रुसलाई दिने योजना छ । यसको ठूलो अंश युक्रेन अझै नियन्त्रणमा राखिरहेको भए पनि मस्कोले वर्षौंदेखि यस क्षेत्रमा दाबी गर्दै आएको छ ।

राष्ट्रपति जेलेन्स्कीले विगतमा यस्तै प्रस्तावहरूलाई 'असंवैधानिक र अन्यायपूर्ण' भन्दै अस्वीकार गर्नुभएको थियो । उहाँले नयाँ प्रस्तावबारे अझै टिप्पणी गरेका छैनन् ।

योजनाबारे छलफल भइरहँदा युक्रेनमा भ्रष्टाचार काण्ड बढ्दै जानुले परिस्थितिलाई झनै संवेदनशील बनाएको युक्रेन विशेषज्ञ ओरिसिया लुत्सेविचको भनाइ छ । 'जेलेन्स्कीको कमजोरी देखेर अमेरिका र रुसले थप दबाब दिन खोजे, तर यो रणनीति अपेक्षित रूपमा नचल्न पनि सक्छ किनकि युरोपेली सहयोगीहरू युक्रेनको पक्षमा जुट्न थालेका छन्', उनले भने ।

## अगाडि र देशभरि बढ्दो सैन्य दबाब

यसैबीच रुसी सेनाले अग्रमोर्चामा साथै युक्रेनका ऊर्जा पूर्वाधारहरूमा आक्रमण तीव्र बनाएको छ । रुसका सैनिकहरूले उत्तर-पूर्वी खार्किभ क्षेत्रमा कुपियान्स्क र लाइमान सहरमाथि बढ्दो दबाब सिर्जना गरिरहेका छन् । यी दुवै सहर सन् २०२२ मा युक्रेनले रुसबाट फिर्ता गरेको थियो । तर सबैभन्दा कडा युद्ध पूर्वी डोनेट्स्क क्षेत्रको महत्त्वपूर्ण रसद केन्द्र, घेराबन्दीमा परेको पोक्रोभ्स्क क्षेत्रमा भइरहेको छ ।

नोभेम्बर महिनामा युक्रेनका पावर प्लान्टहरूमा भएको निरन्तर आक्रमणले युद्ध शुरू भएदेखि सबैभन्दा गम्भीर बिजुली सङ्कट निम्त्याएको छ । यसबीच राष्ट्रपति जेलेन्स्की आन्तरिक राजनीतिक उथलपुथल, बाह्य कूटनीतिक दबाब र युद्धभूमिको बिग्रँदै गएको परिस्थितिबीच देशको भविष्यका लागि कठोर निर्णयहरू लिँदै अघि बढ्न बाध्य देखिएका छन् । *रासस⁄एपी*

# इरान, पाकिस्तान र टर्कीबाट करिब तीन लाख अफगानी निर्वासित



काबुल(अफगानिस्तान)– इरानका आन्तरिक मन्त्री इस्कन्दर मोमेनीले लगभग ६० लाख विदेशी नागरिकहरू हाल देशमा बसिरहेको जनाउदै चालु वर्षमा १५ लाख भन्दा बढी आप्रवासीहरू अफगानिस्तानमा फर्केको जनाएका छन् ।

उनीहरूको स्वदेश फिर्तीको पुष्टि गर्दै, इरानको छिमेकी राष्ट्रहरूसँग "ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्बन्ध" भए पनि आप्रवासीहरूलाई व्यवस्थित गर्ने इरानको क्षमता सीमित रहेको बताएको मिडियाले जनाएका छन् । मोमेनीलाई उदृत गर्दै स्वदेश फर्किनेहरू मध्ये ७० प्रतिशत भन्दा बढी स्वेच्छाले फर्केको टोलो न्यूजले जनाएको छ ।

यद्यपि, इरानी अधिकारीहरूले इरान र पाकिस्तानमा अफगान आप्रवासीहरूले कडा नीतिहरू र बढ्दो निर्वासन प्रणालीको कारण कठिन परिस्थितीको सामना गर्न बाध्य भएको जनाएका छन् । इरानमा रहेका अफगान आप्रवासीहरूले इरानी सरकारले आप्रवासीहरूलाई कुनै रोजगारी नदिइने घोषणा गुंका साथै अगामी दिनमा अफगान बालाबलीकाहरूलाई स्कुलमा भर्ना नगर्ने सुचना जारी गरि आप्रवासीहरूका ब्याङ्क कार्ड तथा सिम कार्डहरू निष्क्रिय गरिएको बताएका छन् ।

यसै विच अफगानिस्तानको शरणार्थी र स्वदेश फिर्ती मन्त्रालयले विदेशमा अफगान कैदीहरू संलग्न भएको नयाँ घटनाक्रमको रिपोर्ट जारी गर्दै हालसालै पाकिस्तानको जेलबाट दुई हजार भन्दा बढी अफगान आप्रवासीहरू रिहा भएको जनाएको छ । मन्त्रालयको प्रवक्ता अब्दुलमुतालिब हक्कानीले एक महिना भन्दा कम समयमा इरान, पाकिस्तान र टर्कीबाट २ लाख ८४ हजार भन्दा बढी अफगानी नागरिकलाई निर्वासित गरिएको बताए ।

उनले पाकिस्तानी जेलहरूबाट रिहा भएका दुई हजार ७६ कैदीहरूसहित निर्वासित आप्रवासीहरूको कुल संख्या दुई लाख ८४ हजार ७१७ पुगेको बताएका छन् । अफगानिस्तानमा युएनएचसीआरका प्रतिनिधिले हालै इरानबाट फर्केका अफगान आप्रवासीहरूमाथि बढ्दो दबाबको चेतावनी दिदै यो प्रवृत्ति अन्तर्राष्ट्रिय सहायता घट्दै जाँदा देखा परेको जनाएका छन् । *रासस⁄एएनआई*

# काश्मीर टाइम्समा आतंकवादविरोधी छापा, आरोप 'आधारहीन' भन्दै अस्वीकृति

**नयाँदिल्ली–** भारतीय आतंकवाद विरोधी एकाइहरूले द काश्मीर टाइम्स कार्यालयमा 'आपराधिक षड्यन्त्र' मा संलग्नता भएको आरोपमा बिहीबार राति छापा मारेका छन् । तर समाचार साइटले ती सबै आरोपलाई 'पूर्णतः आधारहीन' भन्दै अस्वीकार गरेको छ ।

राज्य अनुसन्धान एजेन्सी (एसआइए) का अनुसार काश्मीर टाइम्सले 'जम्मू-काश्मीरभित्र तथा बाहिर क्रियाशील पृथकतावादी तथा अन्य राष्ट्रविरोधी समूहहरूसँग आपराधिक सम्झौता' गरेको आशङ्कामा अनुसन्धान केन्द्रित गरिएको हो । सन् १९४७ मा ब्रिटिस शासन अन्त्यसँगै भारत र पाकिस्तानबीच विभाजित काश्मीर क्षेत्रमा निरन्तर तनाव रहँदै आएको छ र दुवै देशले हिमाली क्षेत्रलाई पूर्ण दाबी गर्ने भएकाले परिस्थिति संवेदनशील रहँदै आएको छ ।

समाचार आउटलेटले जारी गरेको विज्ञप्तिमा छापा मारिएको कार्यालय विगत चार वर्षदेखि नै बन्द र 'सञ्चालनबाहिर' रहेको थियो भनेको छ । सन् १९५४ मा स्थापित काश्मीर टाइम्सले सन् २०२२ मा अर्को कार्यालयमा भएको सरकारी कारबाहीपछि अनलाइन-मात्र प्रकाशनका रूपमा काम गरिरहेको जनाएको छ । 'हाम्रा विरुद्ध लगाइएका यी आरोपहरू डर देखाएर चुप गराउने उद्देश्यले गरिएको प्रहार हो', विज्ञप्तिमा उल्लेख छ ।

एसआइएले खोजबिनका क्रममा एउटा रिभल्भर, केही जीवित गोली र खाली कारतूसहरू जफत गरिएको दाबी गर्दै यसले 'गैरकानूनी कब्जा वा चरमपन्थी समूहहरूसँग सम्भावित सम्बन्ध' को सङ्केत गरेको बताएको छ । यसै क्रममा एजेन्सीले काश्मीर टाइम्सका मालिक प्रबोध जामवालको निवासमा पनि छापा मारेको छ ।

पत्रकार संरक्षण समिति (सिपिजे) ले छापापछि गम्भीर चिन्ता व्यक्त गर्दै यसरी सञ्चारमाध्यमहरूमा बढ्दो दबाब जम्मु-काश्मीरमा पत्रकारिताको स्वतन्त्रतामाथि गम्भीर प्रश्न उठाउने बताएको छ । प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले सन् २०१९ मा क्षेत्रको आंशिक संवैधानिक स्वायत्तता खारेज गरेपछि यहाँका धेरै पत्रकारहरूले निरन्तर निगरानी, सोधपुछ, पक्राउ र कार्यालय तथा घरमा छापाजस्ता दवाव खेप्दै आएका छन् ।

यता, नोभेम्बर १० मा दिल्लीको लालकिल्ला नजिक भएको घातक कार विस्फोटपछि भारतीय सुरक्षा निकायहरूले सम्पूर्ण काश्मीर क्षेत्रमा ठूलो मात्रामा खोज तथा अनुसन्धान चलाइरहेका छन् । उक्त विस्फोट काश्मीरी आत्मघाती आक्रमणकारीले गराएको भारत सरकारले बताएको छ ।

तर काश्मीर टाइम्सको कार्यालयमा गरिएको छापा र दिल्ली घटना बीच कुनै सम्बन्ध नभएको अधिकारीहरूले स्पष्ट पारेका छन् । *रासस⁄एएफपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २४१७०० | प्रति तोला – ० | प्रति तोला – ३१०० |



स्ट्रबेरी खेती | दाङको घोराही उपमहानगरपालिका-१५ भरतपुरस्थित डिभाइन एग्रोफर्ममा व्यावसायिक रूपमा गरिएको स्ट्रबेरी खेती । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

## अन्तरदेशीय प्रसारण लाइन निर्माणमा तीन अर्ब लगानी गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले दुई अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि स्थापना हुने संयुक्त कम्पनीमा कुल रु तीन अर्ब लगानी गर्ने भएको छ ।

प्राधिकरण र भारतको पावर ग्रीड कर्पोरेसन अफ इन्डिया लिमिटेडको संयुक्त कम्पनीमा लगानीको स्रोत सुनिश्चित गरिएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । मन्त्रालयका सचिव चिरञ्जीवी चटौतका अनुसार प्राधिकरणले नेपालमा स्थापना हुने संयुक्त कम्पनीमा रु एक अर्ब र भारतमा स्थापना हुने संयुक्त कम्पनीमा रु दुई अर्ब बराबरको स्वपुँजी लगानी हुनेछ ।




इनरुवा-पूर्णिया र दोदोधारा-बेरेली चार-चार केभी क्षमताका अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि संयुक्त कम्पनी स्थापना गर्ने सहमति दुई देशका उच्च सरकारी अधिकारीका बीचमा यसअघि नै भइसकेको छ । विद्युत् आदानप्रदानका लागि महत्वपूर्ण मानिएका ती अन्तरदेशीय प्रसारण लाइन सन् २०३० सम्म निर्माण हुनेछन् ।

प्रसारण लाइन निर्माणका लागि नेपालतर्फ स्थापना हुने कम्पनीमा प्राधिकरणको ५१ प्रतिशत र भारतीय कम्पनी पावर ग्रीड कर्पोरेशन अफ इन्डिया लिमिटेडको ४९ प्रतिशत सेयर रहनेछ । यस्तै, भारतमा स्थापना हुने कम्पनीमा भारतीय कम्पनीको ५१ प्रतिशत र प्राधिकरणको ४९ प्रतिशत सेयर रहनेछ ।

नेपालमा स्थापना हुने संयुक्त कम्पनीमा प्राधिकरणको आन्तरिक स्रोतबाट स्वपुँजी लगानी गरिनेछ । विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा ३ को उपदफा २ बमोजिम भारतमा स्थापना हुने संयुक्त कम्पनीको लगानीमा छुट दिइनेछ । ऊर्जा मन्त्रालयका सचिव चटौतका अनुसार मन्त्रिपरिषद्को निर्णयबमोजिम आवश्यक सूचना राजपत्रमा प्रकाशित गरी जानकारी दिइएको छ ।

## बन्दरगाहका निर्माण सामग्री आयातमा भन्सार छुट दिने प्रक्रिया अगाडि बढ्यो

■ प्रभाव संवाददाता

**कञ्चनपुर–** जिल्लाको दोधारा-चाँदनी नगरपालिकामा निर्माण भइरहेको सुक्खा बन्दरगाहका लागि आवश्यक निर्माण सामाग्री र औजार आयातमा भन्सार छुटका लागि सिफारिस गरिएको छ ।

इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट भन्सार छुटका लागि स्वीकृति प्रदान गरी कार्यान्वयनका लागि अर्थ मन्त्रालयमा सिफारिस गरिएको जानकारी दिए । सुक्खा बन्दरगाह निर्माणका लागि आवश्यकपर्ने सामग्री र औजारको सूची बुझाइएकामा उद्योग मन्त्रालयले आयात गर्दा भन्सार छुटका लागि स्वीकृति दिइ सोहीअनुसार प्रक्रिया अगाडि बढाएको बताए ।

'ठेकेदारलाई भारतबाट निर्माणका लागि औजार एवं सामग्री ल्याउन भन्सार छुटका लागि सूची बुझाएको थियो', निर्देशक गजुरेलले भने, 'सोही सूची स्वीकृत भएर लागू हुने चरणमा पुगेको छ ।' यहाँ भारत सरकारको आर्थिक सहयोगमा सुक्खा बन्दरगाह निर्माण भइरहेको छ । भारतले नै त्यहाँको निर्माण कम्पनीलाई ठेक्का दिएको छ । कम्पनीले काम सुरु गरिसकेको छ ।

कार्यकारी निर्देशक गजुरेलले निर्माण कम्पनीले कार्यस्थलमा माटो सम्याउने, मजदुरको बसोबासका लागि आवश्यक संरचना बनाउनेलगायत काम सुरु भएका र भारतबाट औजार तथा निर्माण सामग्री आयात भएपछि कामले गति लिने बताए ।

यहाँ रु तीन अर्ब ८० करोडको लागतमा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने योजना छ । बन्दरगाह निर्माणका लागि दोधारा-चाँदनी नगरपालिका-१ स्थित गौरीशङ्कर सामुदायिक वनको ४२ दशमलव ३६ हेक्टर क्षेत्रफलमा पूर्वाधार निर्माण हुनेछन् । उक्त क्षेत्रफलमा दुई वटा गोदाम, भन्सार जाँच, क्वारेन्टाइन, अध्यागम, सुरक्षा भवनलगायत संचरना निर्माण हुनेछन् ।

महाकाली नदीमा निर्माण भएको 'चारलेन' को पक्की पुलको पश्चिम छेउमा सुक्खा बन्दरगाह निर्माण भइरहेको छ । बन्दरगाह निर्माण सम्पन्न भएमा कञ्चनपुर सुदूरपश्चिमकै प्रमुख व्यापारिक नाकाका रूपमा विकास हुने भन्दै स्थानीयवासी हर्षित भएका छन् ।

भारतको राजधानी नयाँदिल्ली र उत्तराखण्डस्थित औद्योगिक क्षेत्र रूद्रपुरसम्म सहज पहुँच हुने हुँदा सुक्खा बन्दरगाह निर्माणले सुदूरपश्चिमको विकासमा ठूलो योगदान मिल्ने अपेक्षा गरिएको छ । यहाँबाट रुद्रपुर औद्योगिक क्षेत्र ९० किलोमिटरको दूरीमा रहेको छ । विसं २०६४ मा सरकारले यहाँ सुक्खा बन्दरगाह निर्माण गर्ने प्रस्ताव अगाडि बढाएको थियो ।

## दोधारा चाँदनीमा 'लिफ्ट सिँचाइ'

■ प्रभाव संवाददाता

**दोधारा चाँदनी –** यहाँको दोधारा-चाँदनी नगरपालिकास्थित कञ्जभोजमा लिफ्ट सिँचाइ योजनाको काम अन्तिम चरणमा पुगेको छ । महाकाली सिँचाइ तेस्रो चरणको आयोजना कार्यालयले रु आठ करोड नौ लाखको लागतमा लिफ्ट सिँचाइ निर्माण गरिरहेको छ ।

आयोजना प्रमुख योगेन्द्र मिश्रले सिँचाइबाट दोधारा-चाँदनीको दुई सय हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुने जानकारी दिए । 'ठेक्का सम्झौताअनुसार आगामी चैत मसान्तभित्र काम सम्पन्न गरिसक्नुपर्ने भए पनि हामीले द्रुत गतिमा काम गरिरहेका छौँ । यही गतिमा काम भएमा डेढ/दुई महिनाभित्र पानी सञ्चालन हुने अवस्थामा पुग्छौँ', उनले भने, 'यसबाट दोधारा-चाँदनीमा २०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ ।'

विसं २०७९ मङ्सिरमा निर्माणका लागि ठेक्का सम्झौता भएको थियो । ५६ दशमलव ८५ वर्गकिलोमिटर क्षेत्रफल रहेको दोधारा-चाँदनीमा तीन हजार ६०० हेक्टरमा खेती हुँदै

**'ठेक्का सम्झौताअनुसार आगामी चैत मसान्तभित्र काम सम्पन्न गरिसक्नुपर्ने भए पनि हामीले द्रुत गतिमा काम गरिरहेका छौँ । यही गतिमा काम भएमा डेढ/दुई महिनाभित्र पानी सञ्चालन हुने अवस्थामा पुग्छौँ', उनले भने, 'यसबाट दोधारा-चाँदनीमा २०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ ।'**

आएको छ । सबै ठाउँमा सिँचाइ सुविधा नहुँदा यहाँका किसान समस्यामा पर्दै आएका छन् । किसानले प्रतिघण्टा २०० रूपैयाँ तिरेर मोटरबाट सिँचाइ गर्दै आएका स्थानीय सीता सुनारले बताइन् । 'सिँचाइ नहुँदा खेती गर्न निकै समस्या हुँदै आएको छ । अब आयोजना सञ्चालनमा आए धेरै सहयोग पुग्ने छ', उनले भनिन् ।

महाकाली सिँचाइ तेस्रो चरणको आयोजनाले महाकाली सिँचाइ मूल नहर निर्माणबाहेक लिफ्ट सिँचाइ र बोरिङबाट सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको छ । आर्थिक वर्ष २०६३/०६४ देखि सुरु भएको तेस्रो चरणको आयोजना टनकपुरदेखि कैलालीको गोदावरीसम्म ४८ किलोमिटर मूल नहर निर्माण गर्ने भनिए पनि २८ किमी मात्र निर्माण सम्पन्न भएको छ । बाँकी २० किलोमिटर नहर निर्माणको काम भइरहेको छ । निर्माण सम्पन्न भएको २८ किलोमिटर मूल नहरबाट सिँचाइका लागि २२ वटा शाखा नहर निर्माणको काम अन्तिम चरणमा पुगेको जनाइएको छ ।

आयोजना कार्यालयका अनुसार निर्माण भएको नहरबाट चार हजार हेक्टर जमिनमा सिँचाइ उपलब्ध गराउने गरी संरचना तयार भए पनि भारतीय पक्षले टनकपुरबाट पानी नछोड्दा समस्या भइरहेको छ ।

विसं २०८७ सम्म कैलालीको मालाखेतीसम्म मूल नहरसहित १५१ किलोमिटर नहर निर्माण सम्पन्न गर्ने आयोजनाको लक्ष्य छ । जसबाट कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ ।

## छिम्केश्वरी उद्यान आन्तरिक पर्यटकको रोजाइमा

**दमौली–** जिल्लाको सबैभन्दा अग्लो स्थान छिम्केश्वरीमा निर्माण गरिएको उद्यान (पार्क) आन्तरिक पर्यटकको रोजाइमा परेको छ । समुद्र सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीमा निर्माण गरिएको पार्कले आन्तरिक पर्यटकको ध्यान खिचेको छ ।

प्रसिद्ध छिम्केश्वरी मन्दिरको नजिकै रहेको यस उद्यानमा बिदा र शनिबार आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको वडाध्यक्ष सन्तोष गुरुङले जानकारी दिए । प्रसिद्ध छिम्केश्वरी माई मन्दिरमा पूजाआजाका लागि आउनेहरू यस उद्यानमा घुम्न नछुटाउने गुरुङको भनाइ छ ।

गण्डकी प्रदेश सरकारको रु २० लाख र स्थानीय जनसहभागिता रु दुई लाख गरी रु २२ लाखको लागतमा पार्क निर्माण गरिएको हो । यहाँ २० फिट अग्लो नेपालको झण्डासमेत राखिएको छ । यहाँको मौसम शीतल रहेकाले गर्मी मौसममा अझ बढी




पर्यटकको संख्या बढ्ने उहाँको भनाइ छ । उनले भने, 'यहाँ छिनछिनमा मौसम परिवर्तन भइरहन्छ, एकैछिनमा घाम लाग्छ एकैछिनमा हुस्सुले छेकिन्छ ।'

यहाँ आउने आन्तरिक पर्यटक तस्बिर खिच्न, टिकटक बनाउन पार्कमा भुल्ने गरेका छन् । यहाँबाट देखिने विभिन्न हिमशृंखलाले पर्यटकलाई अझ मोहित बनाउने गरेको छ । छिम्केश्वरीबाट धवलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायत हिमाल आँखै अगाडि हेर्न सकिन्छ । आँबुखैरेनी गाउँपालिकाले छिम्केश्वरीमा रहेको छिम्केश्वरी मन्दिर जीर्णोद्धार गरिसकेको छ । यसअघि रहेको पुरानो मन्दिरलाई जीर्णोद्धार गरी मन्दिरलाई आकर्षक बनाइएको छ । मन्दिरमा पित्तलको छानो राखिएको छ ।

गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरी लेकमै अवस्थित छन् भने साइली गोरखकालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । *रासस*

## बजार अनुगमन तीव्र पार्दै विभाग

■ प्रभाव संवाददाता

**काठमाडौं –** वाणिज्य तथा आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले पछिल्ला दिनमा बजार अनुगमन तथा निरीक्षणको कामलाई थप तीव्र पारेको छ । विभागले बिहीबारमात्र काठमाडौंका नौवटा पानी उद्योगमा अनुगमन गरेको थियो ।

पिउनेपानीमा कैफियत भेटिएको भन्ने गुनासो आएपछि विभागले अनुगमन गरी उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन र कारबाही गरेको छ । विभागले कोशी मिनरल वाटर उद्योग, स्तुपा इन्डस्ट्रिज, सहभागिता वाटर एन्ड वेभरेजलगायतलाई गुणस्तर कायम गर्न निर्देशन दिएको थियो ।

**पिउनेपानीमा कैफियत भेटिएको भन्ने गुनासो आएपछि विभागले अनुगमन गरी उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन र कारबाही गरेको छ ।**

यस्तै, मङ्सिर ३ गते काठमाडौंका विभिन्न ११ वटा पसल, उद्योग तथा प्रतिष्ठानमा अनुगमन गरेको थियो । गोकर्णेश्वरमा रहेको जल्पादेवी कस्मेटिक र सुजाता फेन्सीलाई नगद जरिवाना गरेको थियो । मङ्सिर २ गते विभागले विभिन्न आठवटा उद्योग तथा फर्ममा अनुगमन गरेको थियो । अनुगमनका क्रममा परागन फुटवेयर उद्योग चन्द्रागिरिलाई रु ५० हजार जरिवाना गरेको थियो । यस्तै, राजेश स्यानिटरी वेयरलाई रु ५० हजार र एक्वा सञ्जिवनी पानी प्रशोधन उद्योगलाई रु २० हजार जरिवाना गरेको थियो ।

त्यसैगरी, मङ्सिर १ गते विभिन्न पाँचवटा उद्योग तथा फर्ममा विभागले अनुगमन गरेको थियो । कैफियत देखिएको पाइएपछि विभागले कविता वेभरेज प्रालिलाई रु १० हजार जरिवाना गराएको थियो ।

बजारलाई स्वच्छ, मर्यादित र उपभोक्तामैत्री बनाउन विभागले नियमित अनुगमनलाई तीव्रता दिएको जनाएको छ । विभागले स्थानीय सरोकारवालाको समेत साथ लिई बजार अनुगमनलाई तीव्र पारिएको स्पष्ट पारेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ